# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ४ अङ्क ३० पूर्णाङ्क १७५ | २०७६ फागुन १९ गते सोमबार | Monday, 2 Mar, 2020 | पृष्ठ ८ | मूल्य रु. १०।-


## राष्ट्रिय समस्या हल गर्न किसानका समस्या हल गर्नुपर्छ : विज्ञहरू



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) लगायत पाँच किसान संगठनहरूले काठमाडौंमा आयोजना गरेको 'नेपाली कृषि र किसानका समस्याहरू' विषयक एक अन्तरसम्वाद कार्यक्रममा विज्ञहरूले किसानका समस्या *बाँकी ८ पेजमा*

# सीमा अतिक्रमण र एमसीसीका विरुद्ध फराकिलो बन्दै जनमत



काठमाडौं । भारतले गरेको सीमा अतिक्रमण र अमेरिकाको साम्राज्यवादी परियोजना एमसीसीका कारण नेपालको राष्ट्रिय स्वाधीनता गम्भीर संकटमा परेको निष्कर्ष निकाल्दै नेकपा (क्रान्तिकारी माओवादी) र क्रान्तिकारी माओवादीसहित दश दल अहिले देशव्यापी रूपमा *बाँकी ७ पेजमा*

# काठमाडौंमा क्रान्तिकारी माओवादीको अभियान जारी



● **अनु निरौला**

काठमाडौं । भारतले गरेको सीमा अतिक्रमण र राष्ट्रघाती एमसीसी विरुद्ध देशव्यापी 'राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार'को अभियान सञ्चालन गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)ले ११ फागुनदेखि दैनिक रूपमा अभियान सञ्चालन गरिरहेको छ। काठमाडौंको दक्षिणकाली नगरपालिकाको फर्पिङबाट सुरु गरेको अभियान कीर्तिपुर क्षेत्र हुँदै चन्द्रागिरी क्षेत्रमा सञ्चालन भइरहेको छ ।

अभियानको क्रममा नक्कली नक्सा अनुगमन गर्ने, नक्कली नक्सा हटाई सक्कली नक्सा प्रयोगका लागि नपा र वडा कार्यालयहरूका प्रतिनिधिहरूसँगै छलफल अन्तर्क्रिया गर्ने, सक्कली नक्सा हस्तान्तरण गर्ने, कोणसभा तथा चोकसभा लगायतका कार्यक्रमहरू गर्दै अगाडि बढिरहेको क्रान्तिकारी माओवादीको अभियान दलले १४ फागुनको बलिदान दिवस र त्यसैदिनदेखि २१ गतेसम्मको सहिद सप्ताहको कार्यक्रमलाई पनि अभियानसँगै जोडर विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ ।

१४ फागुनमा बलिदान दिवसको सन्दर्भ पारेर अभियान टोलीले जनयुद्धका वेपत्ता योद्धा रेणुका दुलालका बुवा चन्द्र दुलाललाई अभिनन्दन गऱ्यो । पार्टीका पीवीएम तथा ३ नं. प्रदेशका *बाँकी ७ पेजमा*

# एमसीसीको खारेजी र अतिक्रमित भूमि फिर्ताको पक्षमा दश दलको बृहद् अन्तरक्रिया कार्यक्रम सम्पन्न




तस्बिर : अमिट योञ्जन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा (माओवादी केन्द्र), नेकपा (माले), देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा, नेकपा, नेकपा (संयुक्त), जनसमाजवादी पार्टी नेपाल र राष्ट्रिय जागरण परिषद्ले काठमाडौं डिल्ली बजारको भोजन गृहमा विभिन्न देशभक्त तथा *बाँकी ६ पेजमा*

## क्रान्तिकारी माओवादीको ४ नं. प्रदेशको अभियान टोली सुस्तामा

● **रामकुमार श्रेष्ठ**

सुस्ता । प्रधानमन्त्री केपी शर्मा ओलीको राष्ट्रवादमा सुस्तावासीले प्रश्न गरेका छन् । नाकावन्दीको समय राष्ट्रवादी नेताको पहिचान बनाएका केपी शर्मा ओली प्रधानमन्त्री हुँदा सुस्ता लगायतका सीमा संरक्षणसँगै जनतालाई सुविधा प्रदान गर्नेमा हामी विश्वस्त थियौँ, सुस्ता वचाउ अभियानका अभियानकर्ताहरूले भन्नुभयो, 'जब प्रधानमन्त्री भेट्न काठमाडौँ गयौँ । ३ महिना १३ दिन बस्दा समेत भेट्न दिइएन अनि थाहा भयो उहाँको राष्ट्रवाद । मञ्चको भाषणमा सुस्ता बचाउनु पर्छ एक इन्च भूमि मिच्न दिइन्न भन्ने प्रधानमन्त्रीले जो ज्यान दिएर सीमा रक्षा गरेको छ उसैलाई भेट्न समय दिनुभएन 'उहाँहरूको भनाई थियो ।

राष्ट्रको स्वाधीनता बचाउन र भारतले मिचेको जग्गा फिर्ताका लागि वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादीले हिजो सुस्तामा गरेको राष्ट्रिय अभियान कार्यक्रममा बोल्दै अभियानका उपाध्यक्ष आदम खानले ज्यानको वाजी लगाई सुस्ता वचाउँदा पनि सरकारले वास्ता नगरेको दुखेसो गर्नुभयो । अझैपनि हजारौँ स्थानीय नागरिकता र लालपुर्जा विहीन छन् भने राज्यले उपलब्ध गराउने वृद्ध भत्ता, एकल महिला भत्ता, घरवास कार्यक्रम आदिको सुविधाबाट वञ्चित गराइएको *बाँकी ४ पेजमा*

## क्रान्तिकारी माओवादी पश्चिम ब्यूरोको अभियान टोली ५ नं. प्रदेशबाट कर्णाली प्रदेश प्रवेश

● **तेजविक्रम शाही**

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी)को पश्चिम व्यूरोको अभियान टोली ५ नं. प्रदेशका विभिन्न जिल्लामा अभियान सञ्चालन गर्दै कर्णाली प्रदेश प्रवेश गरेको छ । पश्चिम रुकुमका केही गाउँपालिकामा कार्यक्रम सम्पन्न गरी शनिबार अभियान टोली जाजरकोट पुगेको छ । अभियान टोलीले आइतबार जाजरकोट सदरमुकाममा कोणसभा सम्पन्न गरेको छ । शनिबार सानीभेरी गाउँपालिका ९ सिम्लीमा कोणसभा सम्पन्न गऱ्यो । सो कार्यक्रमलाई दिपक बहादुर शाही र तेजविक्रम शाहीले सम्बोधन गरेका थिए भने अमर राहादीले जनवादी गित गाएका थिए । कार्यक्रमको सचालन दिल बहादर कठायतले गरेका थिए ।

त्यसैगरी शनिबारै चौरजहारी नगरपालिका २ चौरजहारी बसपार्कमा अर्को कार्यक्रमको आयोजना गरियो । दिल बहादुर कठायतले संचालन गरेको उक्त कार्यक्रममा चन्द्रा थानी र नीरज केसीले सम्बोधन गरेका थिए । बीच बीचमा अमर राहादीले जनवादी गित गाएका थिए ।

अभियान टोलीले फागुन १३, १४ र १५ गते रोल्पामा विभिन्न कार्यक्रमहरू सफतापूर्वक सम्पन्न गरी १६ गते पूर्वी रुकुमको भुमे गाउँपालिका ६ महत *बाँकी ४ पेजमा*

# अखिल (क्रान्तिकारी) निरन्तर आन्दोलित, एमसीसी जलाउन खोज्दा अध्यक्ष गजुरेलसहित ३ जना पक्राउ

काठमाडौं । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) निरन्तर रूपमा आन्दोलित बनेको छ । १३ गते संगठनले निकालेको विरोध ऱ्यालीसहितको कोणसभामा एमसीसी सम्झौता जलाउन खोज्दा अखिल क्रान्तिकारीका अध्यक्ष गजुरेल सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको थियो । मंगलबार दिउँसो काठमाडौंको आरआर क्याम्पस अगाडि एमसीसी जलाउने क्रममा विद्यार्थीका केन्द्रिय अध्यक्ष गजुरेल, केन्द्रिय सदस्य सुलब वैद्य र पोखरा विश्व विद्यालयका संयोजक एवम् अखिल क्रान्तिकारीका केन्द्रिय सदस्य जगत साहीलाई प्रहरीले पक्राउ गरेको थियो । उपाध्यक्ष शिलु न्यौपानेले वक्तव्य निकालेर अविलम्ब रिहाईको माग गर्दै विध्यार्थीहरूले तीव्र



विरोध गरेपछि सोही साँझ उनीहरूलाई रिहा गरेको थियो ।

एमसीसी सम्झौता, भारतीय पक्षबाट भएको सीमा अतिक्रमण, राष्ट्रिय स्वाधिनता लगायतको पक्षमा काठमाडौंमा निकालिएको विरोध ऱ्याली, बागबजार, पुतलीसडक, पद्मोदयमोड हुँदै आरआरक्याम्पस अगाडि कोणसभामा परिणत हुन पुगेको थियो । कोणसभालाई अध्यक्ष गजुरेल, उपाध्यक्ष शिलु न्यौपानेले सम्बोधन गरेका थिए भने *बाँकी ६ पेजमा*

# जनयुद्धले आफ्नो काम गरेर गएको छ

**• अटल •**

**अहिलेसंसारमा एउटा पनि सच्चा नयाँजनवादी र समाजवादी सत्ता र सरकार नभए पनि विश्वव्यापीरूपमा एकैचोटि समाजवादी क्रान्ति हुने भौतिक वातावरण तयार हुदैछ । पहिलो विश्व युद्धमा संसारको ६ भाग मध्ये १ भाग सोभियत संघमा समाजवाद आयो दोश्रो विश्वयुद्धमा संसारको तीनभाग मध्ये १ भागमा नर्याजनवाद र समाजवाद आयो**

मालेमावादको आधार भुत सिद्धान्त वर्गसङ्घर्ष, बलप्रयोगको भुमिका, निरन्तरक्रान्ति सर्वहारावर्गको अधिनायकत्व, मालेमावाद विरोधीहरूले हजारपल्ट मृत घोषणा गरेपनि, पुरानो भयो भने पनि, माथिका आधारभुत सिद्धान्त, हरेकपल्ट मृत घोषणा गरेपछि पनि खरानि मुनिको आगो झै झन चम्किलो र जाज्वल्यमान भएर देखा पर्ने गरेको छ । गार्उवाट सहर घेर्ने दिर्घकालीन जनयुद्धको सफल प्रयोग १० वर्षको जनयुद्धमार्फत नेपालमा भएको छ । प्रतिक्रियावादीवर्गका कमजोर जरा भएका नेपालका ग्रामिण भेग मुक्त भएका छन् । जनताले क्रान्तिमा आफनो हित देखेर लाग्ने हो । सिद्धान्त, राजनीति, दर्शन र विचार बुझेर लाग्ने होइन । त्यसैले त महान दार्शनिक एङ्गेल्सले भन्नु भएको छ "हाम्रो लागि सोचिदिने बुद्धिजीवीवर्ग र लडिदिने मजदुरवर्ग भयो भने संसारको कुनै पनि तागतले हामीलाई हराउन सक्तैन" भनेर । हो हाम्रोलागि सोचिदिने मार्क्स-एङ्गेल्स-लेनिन-स्तालिन र माओ हुनु भयो र लडिदिने संसारका मेहनतकश मजदुर किसान भएकोले नै एक समय संसारको तीन भागको एकभाग मुक्त भयो र प्रतिक्रियावाद र साम्राज्यवादलाई हराएर नर्याजनवाद र समाजवाद स्थापना भयो । भलै अहिलेसंसारमा एउटा पनि सच्चा नयाँजनवादी र समाजवादी सत्ता र सरकार नभए पनि विश्वव्यापीरूपमा एकैचोटि समाजवादी क्रान्ति हुने भौतिक वातावरण तयार हुदैछ । पहिलो विश्व युद्धमा संसारको ६ भाग मध्ये १ भाग सोभियत संघमा समाजवाद आयो दोश्रो विश्वयुद्धमा संसारको तीनभाग मध्ये १ भागमा नर्याजनवाद र समाजवाद आयो । अहिले जसरी हरेक कुरा विश्वव्यापीकरण भएको छ त्यसैगरी वर्गसङ्घर्ष पनि विश्वव्यापीकरण भएको छ । १ का विरुद्ध ९९ का नाराले विश्व ढाकेको छ । संसार एउटा गार्उजस्तो भएको छ । विश्वको एउटा गार्उमा भएको कुरा विश्वव्यापी र कुनै देशमा भएको कुरा गार्उमा पुग्ने गरेको छ यसले महान माओले भने झै आगामी ५०–१०० वर्ष उथलपुथलका वर्ष *बाँकी ७ पेजमा*

## सम्पादकीय

# सहिद र बलिदानप्रतिको सच्चा सम्मान

नेपाली जनताको न्याय, मुक्ति र स्वतन्त्रताको निम्ति जहानीयाँ राणा शासनका विरुद्ध विद्रोह र बलिदान गर्ने लखन थापालाई आधुनिक नेपालको प्रथम सहिद भनिन्छ । राणाविरोधी आन्दोलनमा गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्रीले पनि हाँसीहाँसी जीवन बलिदान गरे । विद्यार्थी चिनियाँकाजी श्रेष्ठ, क्रान्तिकारी किसान नेता भीमदत्त पन्त, विद्रोही कामी बुढा मगर पनि त्यही कालखण्डमा बलिदान गरे ।

नेपालको बारा, पर्सा, रौतहटमा २०११/०१२ तिर सशक्त किसान आन्दोलनका क्रममा मुखलाल महतोदेखि पञ्चायती निरङ्कुशताविरोधी आन्दोलनमा मधेसका कामेश्वर र कुशेश्वर यादवले पनि बलिदान गरेको इतिहास छ । पञ्चायती शासनविरोधी काङ्ग्रेसले सुरु गरेको हतियारबद्ध सशस्त्र सङ्घर्षमा ओखलढुङ्गाको टिमुरबोटेमा क्याप्टेन यज्ञबहादुर थापादेखि २०२८/०२९ सालको झापा सशस्त्र विद्रोहको क्रममा नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र रामनाथ दाहालले पनि बलिदान गरे । क्रान्तिकारी नेता ऋषि देवकोटा 'आजाद', सम्झना दाहाल, टङ्क भुसाल, सात बर्से बालक अनिश शाक्यले पनि परिवर्तनको आन्दोलनमा बलिदान गरेका छन् ।

नेपालमा नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने, समाजवाद हुँदै साम्यवादसम्म जाने लक्ष्यका साथ सुरु गरिएको जनयुद्धमा पार्टीका ६ जना केन्द्रीय नेतासहित हजारौ हजारले बलिदान गरे । जनयुद्धपूर्व पार्टी केस रामवृक्ष यादवदेखि जनयुद्ध सुरु गरेको दुई हप्ता नबित्तै ११ बर्से दिलबहादुर रम्तेलबाट सुरु भएको बलिदान पार्टीका पोलिटव्यूरो सदस्य वाशु वाग्लेसहित करिब ९ हजारले बलिदान गरे । तत्कालीन फासिस्ट सरकारका बर्बर आतङ्क र हत्याकाण्डले कयौंले आफ्नो सर्वस्व बलिदान दिए, अङ्गभङ्ग भए र अनगिन्ती पीडा पनि व्यहोरे । नेपालको राजनीतिक इतिहासमा दशवर्षे जनयुद्धमा बलिदानले ऐतिहासिक र अद्वितीय कीर्तिमान कायम गरेको छ ।

बलिदानको सम्मान र सम्झनामा हरेक बर्ष १४ फागुनदेखि २१ गतेसम्म 'सहिद सप्ताह'को रूपमा मनाउने गरिन्छ । माओवादी जनयुद्धकै कालखण्डमा जनयुद्धका प्रथम सहिद (१४ फागुन २०५२) र झापा विद्रोह(सुखानी)का सहिदहरू (२१ फागुन, २०२९)को सहादत मितिलाई जोडेर परिवर्तनको आन्दोलनमा बलिदान गर्ने सहिदहरूको सम्झना र सम्मानमा सहिद सप्ताह मनाउन थालिएको हो । बलिदान दिवसका रूपमा मनाइने सहिद सप्ताहलाई माओवादीले दोस्रो राष्ट्रिय सम्मेलन (२०५७) ले दस्तावेजमै लिपिबद्ध गरेको भए पनि २०५४ सालबाटै बलिदान दिवस मनाउन थालिएको थियो ।

देश, जनता र समाजको क्रान्तिकारी रूपान्तरणका निम्ति आफूलाई सचेत ढङ्गले बलिदान गर्ने महान् व्यक्ति नै वास्तविक अर्थमा सहिद हुन् । परिवर्तनको अर्को नाम नै बलिदान हो । नेपालमा इतिहासको प्रत्येक कालखण्डमा सहिदहरूको बलिदानले समाज र राजनीतिक व्यवस्थामा परिवर्तन ल्याएको छ । तर हरेक पटकको क्रान्ति, आन्दोलन वा संघर्षमा नेताहरूले दिएको धोकाका कारण क्रान्ति वा संघर्षले लक्षित उद्देश्य हासिल गर्न सकेको छैन । झापा विद्रोह होस् या दशवर्षे जनयुद्ध सबैखाले दासता र पराधीनताको विरुद्ध नेपालमा जनताको नयाँ जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्यमा आधारित थियो । तत्कालीन संसदीय व्यवस्थाका विरुद्ध परिलक्षित थियो । तर जनयुद्धमा नेतृत्वले गरेको धोका र गद्दारीका कारण परिवर्तनको प्रक्रिया अबरुद्ध बन्न पुग्यो । सहिदका सपना पूरा हुन सकेनन् । सहिदका सपना जिउँदै छन् । जनताको आमूल परिवर्तनको आकांक्षा ताजै छन् । सहिदको सपना र आमूल परिवर्तनप्रतिको आकांक्षा पूरा गर्ने संकल्पका साथ जनयुद्धले उठाएका मुद्दाहरूलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी)ले अहिले नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याको समाधान नयाँ जनवादी क्रान्तिले मात्र गर्न सक्छ । तसर्थ, नयाँ जनवादी क्रान्तिको तयारीको प्रक्रियालाई घनिभूत बनाएर आमूल परिवर्तनको प्रक्रियालाई गन्तव्यमा पुऱ्याउने संकल्प गर्नु नै सहिदहरूप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । र, वास्तविक अर्थमा यसो गरेर मात्र सहिदहरूप्रति सच्चा सम्मान गर्न सकिनेछ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# एमसीसीको प्रायोजनमा नेकपाभित्र कुस्तीबाजी



● कुमार शाह ●

*त्यतिबेला क्रान्तिकारीदेखि राष्ट्रवादी, प्रगतिशील, वामपन्थी र देशभक्त शक्तिहरू साम्राज्यवादी बुटमुनि निर्ममतापूर्वक कुल्चिइने ग्यारेन्टी छ । घातप्रतिघात, देशघात, जनघात र अन्तरघात छाल झैँ मडारिँदै आउने देखिन्छ । अमेरिका जहाँ पस्छ, त्यहाँ नश्लीय, जातीय, साम्प्रदायिक र क्षेत्रीय आदि अन्तरविरोधलाई त्यहाँका स्थानीय जनता सखाप पार्न दुरूपयोग गर्ने गरेको इतिहास साक्षी छ*

अहिले सत्तारुढ नेकपाभित्र भाँडभैलो मच्चिएको छ । यो भाँडभैलो प्रम ओली पक्षधरले दाहालपंक्तिले मच्चाएको र अध्यक्ष दाहालका पंक्तिले यो सबै ओली पक्षधरले गराएको आरोप/प्रत्यारोपमा उत्रिएका छन् । ओलीको सरकारी पंक्ति र दाहालको पार्टीपंक्ति एकअर्कालाई नंग्याउन र उडाउन व्यस्त छन् । ओलीपंक्तिले विगतमा ककसको पालामा केके भएको थियो भनी भ्रष्टाचारका ढड्डा पल्टाउँदै श्वेतपत्र जारी गर्ने अभियान थालेको छ । ओली पक्षधरको यो अभियानमा दाहालपंक्ति र देउवा मण्डली निशानामा परेका छन् । अर्कोतिर गोकुल बाँस्कोटाको कमिसनखोर मण्डलीले ओलीको नाकमाथि लगाएको आलोघाउलाई निशाना साँधेर वामदेवको सुइरो घोप्दै दाहाल पंक्ति जुरुजुरु उठिरहेको छ । हेर्दा सत्तारुढ नेकपाको आन्तरिक खिचातानी, अवसरको खोजी, इर्ष्या र बदलाभन्दा अरु थोक केही होइन क्या रे भन्ने झैं देखिने यो खेल अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को प्रायोजनमा भएको हो भन्ने हेक्का धेरै कमलाई मात्र हुन सक्छ । किनकि, त्यसको पर्दा उघ्रन अझैं केही समय लाग्ने छ ।

बाहिर हेर्दा सत्ता नै पल्टाउन फेरि अर्को क्रान्ति गरिरहेका झैं देखिने झापाली भगौडा र जनयुद्धका भगौडाहरूबीच लडाइँको एक मात्र कारक भनेको एमसीसी कसको नेतृत्वमा पास गर्ने भन्ने हो । ओलीको नेतृत्वमा गर्ने हो भने वर्तमान सत्तासिनहरूले पार्टी हर्ताकर्ता दाहाललगायतको पंक्तिलाई अबका दिनमा पालो नै आउन दिने देखिदैन । ओली पंक्तिमा यसका लागि ओली आफूले प्रधानमन्त्री नछाड्ने र राष्ट्रपतिको पदबाट राजीनामा दिन लगाएर भए पनि विद्यादेवी भण्डारीलाई पार्टी अध्यक्ष बनाउन ल्याउने आन्तरिक तयारी रहेको छ । यसका लागि कुटनीतिक तथा गुटनीतिक दौडधुपमा मरेर लागेका छन् ओली ।

हेलकिप्टरबाट पन्ध्रकिलोको नेपाल नक्शाको केक बोकाएर काट्न र बाँड्न राजर्षी ठाँटबाँटका साथ ओली आफ्नो जन्मघर त्यतिकै पुगेका होइनन् । उनी एकातिर जनसाधरणका बीचमा सहानुभूति संकलनको अभियानमा छन् भने अर्कोतिर विदेशी शक्तिकेन्द्र र मुख्यतः अमेरिकीका लागि नेपाल टुक्राटुक्रा पारेर दिन पनि तयार छु भन्ने संकेत गरिरहेका छन् । मैरै नेतृत्वमा एमसीसी पास गरिनु पर्छ भन्ने उनको ढिपी देखिन्छ । योजनाबद्धरूपमा नेपाल नक्साको केक काटेर विवाद सिर्जना गरेपछि भोलिका दिनमा नेपाल टुक्राटुक्रा पारिँदा यो कुरा पचिसकोस् भनेर ओलीले यसको नकारात्मक रणनीतिक संकेत सहजै गरिसकेका छन् । जस्तो कि राजनीतिक चेतना भएदेखि कालापानीका मुद्दा उठाएर आएका वामपन्थीहरूको दुईतिहाईको सरकार हुँदा तिनैले लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका अतिक्रमित भूभाग भारतलाई सुम्पन कुनै कसर बाँकी राखेका छैनन् ।

उता दाहाललगायतको पंक्ति पनि चानचुने तयारीमा देखिदैन । यो पंक्ति आफूहरूको नेतृत्वमा एमसीसी पास गर्ने वातावरण निर्माण गर्दै गएको छ । यसका लागि दलाल पंक्तिले दाहाल स्वयम् पार्टी अध्यक्ष, माधव नेपाल प्रधानमन्त्री र झलनाथ खनाल राष्ट्रपतिको भावी भागबण्डा तयार गरिसकेको छ । वर्तमान सरकारमा ओलीका चार मुख्य भरपर्दा मानिसमध्ये गोकुल बाँस्कोटाको बहिर्गमनसँगै अर्का भरपर्दा मन्त्री युवराज खतिवडाको कार्यकाल यही फागुनमा सकिदैछ । पार्टी सचिवालयमा एक मतका साथ पारित गरेर त्यो ठाउँमा वामदेव गौतमलाई पठाएर अर्थ तथा उपप्रधानमन्त्री बनाई ओलीको कार्यवाहकका रूपमा तयार पारेको छ । एमसीसी आफ्नै नेतृत्वमा पारित हुँदा ओली निकट प्रदीप ज्ञवाली दाहालपंक्तिकै मानिस हुने देखिन्छन् । अब ओली र ईश्वर पोखरेलमात्र दुईजनताको खासै दाल गल्ने देखिदैन । चिन्ता र चाखलाग्दो दुवै देखिने यो लफडा देश र जनताका लागि भएको नभई एमसीसी पारित गर्नका लागि हो । यो उनीहरू दलाल हुनुको मूलधर्ममा आधारित छ ।

अबका दिनमा अमेरिकाको आशिर्वाद जसले पाउँछ, उही सत्तासीन हुन्छ भन्ने दलाल मानसिकताका कारण कसको नेतृत्वमा एमसीसी पास गर्ने भन्ने यो लुछाचुँडीमा बहुमत दाहाललगायतको पंक्तिमा देखा पर्न थालेपछि अमेरिकाको आशिर्वाद पलना भारीभएको दाहालपंक्तितिरै पर्ने अनुमान सबैको देखिन्छ । यही अड्कलबाजीका आधारमा कसैले ओलीको राजीनामा आउने, कसैले ओली सरकार विघटन हुने त कसैले कांग्रेससहितको सरकार बन्नेसम्मका कुरा सार्वजनिक गर्न थालेका छन् । वामदेवले 'सक्छौ भने मलाई पार्टीबाट निस्कासन गर' भनी कुर्लने, माधव नेपालले 'कि त ओलीले भनेको मान्नु पऱ्यो कि त पार्टी छोड्नु पऱ्यो' भनी चुनौती दिने र अरु कसैले 'ओलीले ४० प्रतिशत सांसद संख्या पुऱ्याएर पार्टी फुटाउने' बताउने तथा पार्टी अध्यक्ष दाहालले 'सचिवालयको सर्वसम्मत निर्णय ओलीले खुरुखुरु मान्नु बाहेक अरु विकल्प नै छैन' भन्नुले दाहाल पंक्तिको बहुमते बलमिचाइमा कम दम्भ देखा परेको छैन । यी सबै कुरा को बढी दलाल हुने र अमेरिकाको आशिर्वाद लिने भन्ने प्रतिस्पर्धामा देखिन्छ ।

सत्तारुढ नेकपा नेपालका छानिएका दलालरुको झुण्ड भएकाले यसको नेतृत्व पंक्तिमा देशभक्त, जनप्रेमी र परिवर्तनकारी कोही पनि पाउने संभावना छैन । सत्ताधारी नेकपाको आन्तरिक जीवनमा अहिले देखिएको अन्तरविरोध वा खिचातानी राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको पक्षमा होइन, बरु यो दलाली, भागबण्डा र त्यसको नेतृत्वका लागि हुन गएको हो । यसको नेतृत्व पंक्ति पूर्णतः दलालीमा लिप्त छ । तर अपवादका रूपमा त्यहाँ रहेका देव गुरुङ, भीम रावल र नारायण शर्माहरूको पंक्ति सापेक्ष राष्ट्रवादी पंक्ति हो, जोसँग तत्काल पार्टी एकता नभए पनि मोर्चागत एकता जारी राख्नु देशभक्त र जनपक्षीय शक्तिहरूको कर्तव्य हुन आएको छ ।

अबको राजनीतिक वातावरण भनेको एमसीसी पक्षधर र एमसीसी विरोधी गरी दुई मोटो भिन्नतामा देखापर्ने छ । राष्ट्रवादी नेपालीहरूका माझमा अमेरिकीलगायतका विदेशी शक्तिहरूको चलखेल निकै बढ्ने देखिन्छ । कार्लमार्क्सले कम्युनिष्ट घोषणापत्रमा 'बनिबनाउ पुरानै राज्यसत्तालाई सर्वहारा वर्गले जस्ताको तस्तै प्रयोग गर्न सक्दैन, यसलाई धूलोपीठो पार्नुपर्छ' भने झैं ठीक यसको उल्टो राष्ट्रवादीसहितको नेपालको *बाँकी ७ पेजमा*

झर्रोटर्रो kailubraha73@gmail.com — कैलुब्राह

# श्री ८ गनमहाराजको जय !

नेपाल मण्डलमा यतिखेर श्री ८ गनमहाराजको उदय भएको छ । गणतन्त्रका नयाँ राजा भएको हुनाले यिनलाई गनमहाराज भनिएको हो । श्री लेख्ने नेपाल मण्डलको मौलिक परम्परा र संस्कृति छ । सामान्य मनुखेलाई श्री मात्रै लेखिन्छ । अर्थात् नाउँका अगाडि एक थान मात्रै श्री लेखिन्छ । श्री ३ राणा सरखारलाई लेखिन्थ्यो । श्री ४ आफ्ना शत्रुलाई र श्री ५ राजा महाराजाहरूलाई लेखिन्थ्यो । श्री ६ आफ्ना बाआमालाई लेख्ने चलन थियो । त्यसैगरी श्री १०८ गुरुहरूलाई र श्री १००८ सदगुरु सचिदानन्द सरस्वतीलाई लेखिन्छ । अहिलेका महाराजलाई श्री ८ लेख्नु उचित हुने भएकाले नेपाल मण्डलका सरखार महाराजलाई श्री ८ लेखिएको छ । किनकि सात पर्देसका सात सरखार र तिनको मालिक सरखार केन्द्र, अर्थात् सङ्घ सरखार भएकाले आठ वटा कार्यकारी सरखारको रूपमा श्री ८ लेखिएको हो ।

यतिखेर श्री ८ गनमहाराज उखानप्रसाद बिरबिक्रमको शुभजन्मोत्सव धुमधामका साथ सुसम्पन्न भएको छ । मौसुफ सरखार यतिखेर उनासत्तरी बर्खमा उक्लिबक्सेको छ । यो अवसरमा मौसुफ सरखारको सर्वत्र जयजयकार मनाइएको छ । मौसुफ आफ्नो जन्मोत्सव अर्थात् बड्डे मनाउन उहाँले यस पिर्थिवीलोकमा पहिलो पाइला टेकको ठाउँ आठराईमा पुगिबक्स्यो । त्यहाँको सरखारले आफ्ना गनमहाराज उखानप्रसाद विरविक्रमको स्वागत सत्कार र जयजयकारका लागि आफ्नो आठराई राज्यभरीमा सार्वजनिक विदा गरेर महाराजप्रति सभक्तिभाव प्रकट गऱ्यो । गाउँगाउँबाट, स्कूल स्कूलहरूबाट आएका चिचिला भुँडिला रैतीजनहर्ले मौसुफ सरखारको जयजयकार गर्दै बड्डे मनाउने स्थलमा भेला भए । मौसुफको बड्डेमा छ सात थान हेलिकप्टर परिचालित भएर गनमहाराजको जयजयकार गरे । एउटा हेलिकप्टरले काठमाण्डुबाटै बड्डेका लागि १५ किलोको केक बोकेर गयो । केकमा पनि आफ्नै देशको नक्सा बनाएर ल्याइयो । देशको मायाँ छातिभित्र कुनाकुनासम्म भएका खाँट्टी राष्टवादी गनमहाराज होइबक्सेकाले केकमा देशलाई टुक्रा टुक्रा पारेर काटिबक्स्यो र खाइबक्स्यो आनि ख्वाइबक्स्यो । त्यही भएर पो कालापानी, लिपुलेक र लिम्पियाधुरालाई आफ्ना प्रभु गुज्जरमहाराजलाई उतैको नक्सामा मिलाउन दिइबक्सेको रहेछ । खाँटी राष्टवादीले त देशलाई केक बनाएर टुक्रा टुक्रा पारेर काटेर खाँदा रहेछन् । यो पनि नयाँ गनमहाराजबाट जानकारी पाउने अवसर यो रैतीलाई प्राप्त भो ।

हात हातमा मौसुफ गनमहाराजको फुटा बोकेर, फूलमाला, खादा, बोकेर बिभिन्न बाजागाजा सहितका झाँकीहरू, पञ्च कन्याहरू र पण्डितहरूले शान्ती स्वस्ती बाचन गरेर जयजयकार गर्दै मौसुफको बड्डे मनाइयो । यस्तो प्रकारले जयजयकार हिँजका प्रेत महाराजहरूको मनाइन्थ्यो । प्रेत महाराजहर्ले तीस बर्खसम्म यसरी नै आफ्नो जन्मोत्सव मनाउँथे । तीस बर्ख अघि २०४७ सालबाट यो पर्था हटेको थ्यो । अहिले तीस बर्खपछि खोलो फर्क्यो र नयाँ महाराजको उदय भयो । पुरानो राजतन्त्र ढलेर गणतन्त्र आएको हुनाले अहिले गनमहाराजका रूपमा उदय भयो । गनमहाराधिराज उखानविरविक्रमको जय !


नेपाल मण्डलमा कम्निस व्यवस्था ल्याउनी भनेर कम्निस पाटी खुलेका हुन् भन्ने बुझ्याथ्यो यो कैलुले । कम्निस व्यवस्था ल्याउन ठूला ठूला युद्ध पनि गरे कम्निस पाटीहर्ले । ऐलेका गनमहाराजले पनि अट्ठाइस सालमा झापा आन्दोलन गरेकै हुन् । उनले पनि वर्ग लडाइँ गर्नी भनेर हतियार उठा'कै हुन् । बाउनदेखि बैसट्ठीसम्म दुईनम्बरीको नेतृत्वमा बडेमानको युद्ध पनि भएकै हो । यीनै लडाइँबाट गणतन्तर पनि आएकै हो । गणतन्तरमा त कोई राजा महाराजा पनि हुन्नन् र कोई रैती पर्जा पनि हुन्नन् भन्ने सुनेको र अलिअलि पढेको पनि हो यो कैलुब्राहले । सबै जनता हुन्चन्, सरखार चलाउँदा मात्रै काम र जिम्मेवारीका कारणले ठूला र साना भएपनि कुर्ची बाहिर हुँदा सबै समान हुन्चन् भन्ने बुझेको हो यो कैलुले । तर त्यत्रो लडाइँ लडेर ल्याएको गणतन्तर त गनतन्तरमा पो बदलियो । गनतन्तरले त गनमहाराजधिराज पो जन्मायो त बरै । सङ्घीयता पनि जनतालाई आफ्नो मालिक आफैं बनाउनका लागि हो भन्ने बुझिएको थियो । तर यहाँ त यो पनि भुरेटाकुरे र टोले राजाहरू जन्माउनमा परिणत भयो ।

हिज पञ्चप्रेतहर्को शासनकालमा राजालाई भगवान र रैतीलाई निम्छरा मनुखे भनिन्थ्यो । त्यसैले राजा महाराजाहर्लाई दर्शनभेट गर्न रैतीहर्ले फूलमाला, अक्षतापाती लिएर अबिरजात्रा गरेर, विभिन्न जातजातीका बाजागाजा बजाएर जयजयकार मनाउँदै महाराजको दर्शन गर्थे । महाराजको टाढैबाट भएपनि अनुहार पर्तक्ष देख्न पाए धन्य धन्य भइन्थ्यो र मरेपछि स्वर्ग गइन्थ्यो भन्ने पर्थ्यो । त्यसैले राजाका जन्मदिनमा मण्डलैभरी विदा दिने, धुमधामसित जन्मोत्सव मनाउने गर्थे । दशैंमा राजाको बाहुलीबाट टीका थाप्दा जिउँदै स्वर्ग गएको महसुस् गर्थे रैतीजनले । अहिले पनि नयाँ गनराजा भएर उदाएको हुनाले श्री ८ गनमहाराज उखानप्रसाद विरविक्रमले पनि आफ्ना बाहुलीबाट रैतीजनलाई दशैंमा टीका बक्सने पर्था चलाइबक्सेको रैच । बल्ल पो कुरोको चुरो बुझियो । राजा हटाइयो भनेको त होइन रैच । बंशीय राजा हटेर चुनीय राजा र महाराजा पो स्थापना गरिएको रैच । पालिकाहर्मा पालिके बडाहाकिम अर्थात् कविला राजा । सात वटा पर्देशमा सात राजा र केन्द्रमा महाराजाको उदय भयो ।

*गन महाराज श्री ८ उखानप्रसाद विरविक्रमको - जय !*
*किड्निप्रसाद महाराज - अमर रहुन् !*
*हाम्रा गनमहाराज हाम्रो केक - परान भन्दा प्यारो छ !*

१४ फागुन २०७६

# १० वर्षे जनयुद्धबाट नेपाली जनताले के पाए ? के गुमाए ?



● हस्तबहादुर केसी ●

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) को नेतृत्वमा वि.सं. २०५२ साल फाल्गुन १ गते रोल्पा जिल्लाको होलेरी प्रहरी चौकी , रुकुम जिल्लाको राडीज्यूला प्रहरी चौकी , सिन्धुली जिल्लाको सिन्धुलीगढी प्रहरी चौकी र गोरखा जिल्लाको साना किसान परियोजनाको कार्यालयमा एउटै समयमा र एकैसाथ फौजी आक्रमण गरी ती प्रहरी चौकीहरू कब्जा गरेर महान् जनयुद्धको थालनी गरिएको थियो , त्यो जनयुद्धले यही २०७६ साल फाल्गुन १ गतेदेखि २४ वर्ष पुरा गरेर २५ वर्षमा प्रवेश गरिसकेको छ । गत फाल्गुन १ गते माओवादी क्रान्तिकारीले देशव्यापी रूपमा महान् दश वर्षे जनयुद्धको २५ औ जनयुद्धको दिवस भव्यताका साथ मनाए र जनयुद्धले लिएका लक्ष्यहरू पुरा गरिछाड्ने प्रतिबद्धता पनि प्रकट गरे ।

माओवादी क्रान्तिकारीले फाल्गुन १४ गतेदेखि २१ गतेसम्म शहिद सप्ताहका रूपमा मनाउँदै आएका छन् । शहिद सप्ताह माओवादीहरूले युध्दकालिन अवस्था देखि नै मनाउँदै आएकाा छन । यस वर्ष पनि माओवादी क्रान्तिकारी कम्युनिस्टहरूले शहिद सप्ताह मनाइरहेका छन् ।

जनयुद्धका महान् शहिदहरूको संझनामा मनाइने यस ऐतिहासिक शहिद सप्ताहका सन्दर्भ पारेर यो एक आलेख लेख्न प्रयत्न गरिएको छ ।

"प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौ" भन्ने मुल नाराका साथ र " विद्रोह जनताको अधिकार हो , जनयुद्ध ( जिन्दावाद " नाराहरू लगाउदै महान् जनयुद्धको थालनी गरिएको थियो ।

यसका साथै तत्कालीन नेकपा ( माओवादी ) को १९ सदस्यीय केन्द्रीय नेतृत्वले महान् जनयुद्धको ऐतिहासिक पहलका लागि र जनयुद्धका लक्ष्यहरू पुरा गरेरै छाड्ने ७ बुँदे प्रतिबध्दता र जनयुद्धका ४ तयारी पुरा गरि छाड्ने प्रतिबधाता जाहेर गरिएको थियो ।

उक्त माओवादीको केन्द्रीय नेतृत्वले महान् जनयुद्धको पहिलो योजना तर्जुमा गर्न २०५२ साल असारमा बसेको केन्द्रीय समितिको पूर्ण बैठकले निम्न लिखित ७ प्रतिबद्धताहरू जाहेर गरेको थियो , जो यस प्रकार छन्ः

***३ जनयुद्धको ऐतिहासिक पहलका लागि हाम्रो सैधान्तिक प्रतिबधाताहरूः***

(१) हाम्रो यो योजना क्रान्तिकारी हिंसा सम्बन्धि मार्क्सवाद ( लेनिनवाद ( माओवादका शिक्षामा आधारित हुनेछन् ।हाम्रो देशको विशिष्टता अनुसार गाउँबाट शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एक पटक पुनः माओद्वारा विकास गरिएको सर्वहारा वर्गको सार्वभौम र अपराजय मार्क्सवादी सैन्य सिध्दान्तका रूपमा जनयुद्धको सिध्दान्त प्रति अविचल रहने प्रतिज्ञा गर्दछ ।

(२) जनयुद्धको थालनीको हाम्रो यो योजना " राज्यसत्ता वाहेक अरु सबै भ्रम हो " भन्ने मान्यतामा आधारित हुनेछ ।जनताका निम्ति राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र संघर्षको प्रमुख उध्देश्ये हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखापर्ने अर्थवाद , सुधारवाद , अराजकतावाद लगायतका सबै प्रकारका विचलनवादी चिन्तन प्रवृत्ति विरुद्ध निरन्तर संघर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्दछ ।

(३) हाम्रो यो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पुरा गर्ने , त्यसको गगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा वर्गको अधिनायकत्व अन्तरगत क्रान्ति जारी राख्ने सिध्दान्तका आधारमा साँस्कृतिक क्रान्तिकारीहरू चलाउदै मानव जातिकै स्वर्णीम भविष्य साम्यवादको स्थापनासम्म ाजाने उध्य्श्येमा आधारित हुनेछ ।एक पटक हतियार उठए पछि त्यसलाई अन्त्यसम्म लैजाने दृढताविना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनता प्रति अपराध हुने कुरामा हामी दृढ छौ । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने , प्रतिक्रियावादीलाई दवाव दिई सामान्य संझौतामा टुंग्याउने साधन बन्न कदापि दिइने छैन । यसरी हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पुँजीवादी , संकीर्ण रूपले मुक्त रहनेछ ।

(४) हाम्रो यो योजना सर्वहारा अन्तर ष्ट्रिवादको महान् भावनामा आधारित रहने छ । नेपाली क्रान्ति , सर्वहारा विश्व क्रान्तिको अभिन्न अंग हो र यसले विश्व क्रान्तिको सेवा गर्नेछ । हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद ( लेनिनवाद ( माओवादको निर्देशनमा विश्व क्रान्ति अघि बढाउन तथा नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघिबढिरहेको " क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन ( रिम ) "जसको हाम्रो पार्टी पनि सदस्य छ " को विकासमाअझ बढी सहयोग पुर्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ ।

( ५ ) हाम्रो यो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैधान्तिक मान्यतामा आधारित रहनेछ ।अन्तर्विरोधको नियमको सार्वभौमिकता अनुसार पार्टी भित्री संघर्षलाई द्वन्द्वात्मक ढंगले ग्रहण र त्यसलाई सञ्चालन गर्नु र पार्टीलाई त्यसरी सजीव राखि हरक्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु , पुरा ह्रदयले जनताको सेवा गर्न जनतासंग घनिष्ट सम्बन्ध कायम राख्ने जनदिशाको सिध्दान्तमा अविचल रहने कुरामा पार्टी कठिबध्द छ ।

( ६ ) हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यता अनुसार बन्नेछ ।पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद विरोधि सबै तह र तप्काका जनसमुदायलाई गोलबन्ध गर्दै सशस्त्र संघर्ष सञ्चालन गरिनेछ । कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र संघर्ष श्रमजीवी जनसमुदाय मुख्यतः गरीब किसानहरू माथि भर परेर चल्ने छ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवम् प्रतिक्रियावादी गुटहरूको दवाव , धम्की र प्रलोभनमा पर्ने छैन ।

( ७ ) युध्दका आफ्नै नियम अनुसार त्यो सरल रेखामा होइन जटिल बक्र रेखामा अघि बढ्नेछ । लेनिनको " क्रान्ति आफैंले आफ्नो विकास क्रममा सधै नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ " भन्ने कुराको महत्त्वलाई आत्मसात गरेर जानु जरुरी छ । जीत र हार , उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ ।खराव कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तर्विरोधको नियमलाई ठीक ढंगले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्ने छौ ।

यस अतिरिक्त ४ तयारी गर्ने प्रतिबद्धता पनि जाहेर गरिएको थियो जो निम्न छन् :

जनयुद्धको ऐतिहासिक पहलका निमित्त तयारी :

( १ ) वैचारिक तयारी

( २ ) संगठनात्मक तयारी

( ३ ) संघर्ष सम्बन्धि काम

( ४ ) प्राविधिक तयारीको कामका सम्बन्धमा ।

( श्रोता ( नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) का ऐतिहासिक दस्तावेजहरू स्

प्रसवि प्रकाशन ने. क. पा. ( माओवादी ) मेची ( कोसी क्षेत्रीय ब्यूरो पूर्व कमाण्ड ।

प्रकाशक स् पश्चिम केन्द्रीय कमाण्ड

ने. क. पा. ( माओवादी )

दोस्रो संस्करण स् २०६३ मंसिर ) ।

यसरी तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) २०५२ साल फाल्गुन १ गतेदेखि थालनी गरेको सशस्त्र जनयुद्धको प्रक्रियामा मुलुकमा ग्रामीण ईलाकनहरूमा छापामार दस्ता हुदै जनमिलिसियाको निर्माण हुन पुग्यो ।क्रान्तिका लागि ग्रामीण ईलाकाहरूमा आधार ईलाकाहरू निर्माण हुदै गए । पुरानो राज्य सत्ताका विरुद्ध लड्नका लागि डिभिजन स्तर सम्मका जनमुक्ति सेनाका डिभिजनहरू बन्न पुगे । नयाँ जनसत्ताहरू , जनअदालतहरू, जनकम्युनहरू र जनसरकारहरू बन्न पुगे ।पार्टी संगठनहरूको ब्यापक विस्तार भयो ।यसले गर्दा देश भित्र र बाहिर पनि सगरमाथाको देश बाट क्रान्तिको राम्रो सन्देश प्रवाहित भयो ।नेपाली जनता अब क्रान्ति पुरा हुन्छ , जनताका समस्या समाधान हुन्छन् र नेपालमा अब नयाँ जनवादी राज्य व्यवस्थाको स्थापना हुन्छ अनि समाजवादमा जान सकिन्छ भन्ने जनताले क्रान्तिकारी आशावादका साथ अपेक्षा गरेर लाखौंको संख्यामा जनताहरू जनयुद्धको प्रक्रियामा लामबध्द भए । र , जनताले जनयुद्धलाई सबै क्षेत्रबाट सहयोग गरे । जनयुद्धमा नेपाली जनताको अतुलनीय सहयोग पुग्यो ।

यसैक्रममा १०औ हजार नेपाली आमाका आँटी र असल छोराछोरीहरू शहिद बन्न पुगे , हजारौंनेपाली नागरिकलाई प्रतिक्रियावादी राज्यसत्ताले ज्यान विपत्ता पार्यो । हजार ौंको संख्यामा नेपाली नागरिकहरू अपाङ्ग र घाइते बन्न पुगे । जनताको त्यो त्याग , बलिदान । जनमुक्ति सेनाको त्यग , वीरता सौर्य र बलिदानका कृतिमान बन्न पुगे । र जनयुद्धले नेपाली जनतालाई मात्र होइन विश्वका भाइचाराहरूलाई पनि आशावादी बनायो । यो ज्यादै सकारात्मक पाटो महान् दश वर्षे जनयुद्धको, तर महान् दश वर्षे जनयुद्धको नकारात्मक पाटो पनि छ । त्यो के हो भनेः

*(१) नेतृत्वमा आयो वैचारिक विचलन :* महान् जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा जनयुद्धको नेतृत्व गर्दै आएको ( प्रचण्ड ( बावुराम ) एउटा नेतृत्वमा ठूलो वैचारिक विचलन ज्वारभाटाका रूपमा पैदा भयो । र , त्यसले २०६२ असोज ( कार्तिकमा चुनवाङ बैठकमा पुगेर सशस्त्र जनयुद्धको कार्यदिशा र कार्यक्रमलाई स्थगित गरेर "लोकतान्त्रिक गणतन्त्र " को कार्यदिशा अंगिकार गर्न पुग्यो ।

त्यसले तत्कालीन संसदवादी ७ दलसित नयाँ दिल्लीमा पुगेर २०६२ साल मंसिर ७ गते १२ बुँदे समझदारी पत्रमा हस्ताक्षर गर्न पुग्यो । यसक्रममा शान्ति प्रक्रियामा प्रवेश गरे पश्चात २०६३ असार ८ गते देशीविदेशी प्रतिक्रियावादी शक्तिहरूको ग्राण्डडिजाइन, निर्देशन र योजनामा सात राजनीतिक दलहरूका बिचमा जनयुद्धका प्रक्रियामा निर्माण हुन पुगेका स्थानीय नयाँ जनसत्ताहरू , जनअदालतहरू, जन सरकारहरू विघटन गर्ने सहमति पत्रमा हस्ताक्षर गर्न पुग्यो त्यो नेतृत्व ।

२०६३ मंसिर ५ गते नेपाल सरकारको तर्फबाट गिरीजा प्रशाद कोइराला र विद्रोही माओवादीका नेता पुष्पकमल दाहाल प्रचण्डका बिच दश वर्ष देखि चल्दै आएको सशस्त्र युध्दलाई आजका मितिदेखि अन्त्य गरियो भन्ने पत्रमा हस्ताक्षर गरेर विधिवत रूपमा दश वर्षे जनयुद्धको अन्त्यको घोषणा गरियो ।

त्यसै प्रक्रियामा सात राजनीतिक दलहरू र माओवादीको संलग्नतामा २०६३ माघ १ गते अन्तरिम संविधान जारी गरियो र माओवादी पनि संसदमा गर्यो । र २०६३ चैत १८ गते माओवादी पनि प्रतिक्रियावादी सरकारमा सामेल भयो ।

यसै प्रक्रियामा माओवादीको मुख्य नेतृत्व एक पछि अर्को गर्दै साम्राज्यवाद र विस्तारवादका सामु लम्पसार पर्दै वर्गीय रूपमा र राजनीतिक रूपमा समेत आत्मसमर्पण गर्न पुग्यो र नेकपा ( माओवादी ) बाट एमाओवादी , माके हुदै पहिले नै प्रतिक्रियावादमा पतन भइसकेको नेपाल कम्युनिस्ट पार्टी ( एमाले ) मा विलय हुन पुग्यो र अहिले प्रतिक्रियावादको फासीवादी सत्तामा बसेर क्रान्तिकारी माओवादीहरूमाथि भीषण दमन गरेर नेपाली क्रान्तिलाई सिध्याउने षड्यन्त्रका तानावाना बुन्ने कार्यमा ज्यान फालेर लागिरहेको छ ।

यसले क्रान्ति प्रति , सर्वहारा वर्ग प्रति र नेपाली जनता प्रति गंभीर प्रकारको गध्दारी गर्न पुग्यो । यसले नेपाली जनता र नेपाली क्रान्तिलाई धोका दिने र गध्दारी गर्ने कार्य गरेर अहिले देशिविदेशी प्रतिक्रियावादी शक्तिहरूको तावेदारी गर्ने काम गरिरहेको छ ।

एकातिर यस प्रकारको अवस्था छ भने अकोर्तिर त्यसबाट विद्रोह गरेर आएका क्रान्तिकारी माओवादी ,विप्लव नेतृत्वको नेकपाले महान दश वर्षे जनयुद्धका नकारात्मक र सकारात्मक पाटाहरूबाट शिक्षा लिएर महान् नेपाली क्रान्तिका बाकी कार्भारहरू पुरा गर्ने उध्देश्यका साथ क्रान्तिको तयारी कार्यमा डटिरहेका छन् ।

*(२) दश वर्षे जनयुद्धबाट नेपाली जनताले के पाए ?*

**यसबाट नेपाली जनताले**

(क) राजतन्त्रात्मक सामन्ती राज्य व्यवस्थाको ठाउँमा लोकतान्त्रिक गणतन्त्र पाएका छन् । सामन्ती व्यवस्था भन्दा लोकतान्त्रिक गणतन्त्र एक कदम अघिको प्रजातान्त्रिक व्यवस्था हो ।

(ख) यसबाट नेपाली जनताले धर्म निरपेक्षता पाएका छन् ।

(ग) यसबाट नेपाली जनताले एक हदसम्म समानुपातिक निर्वाचन प्रणाली पाएका छन्

(घ) दश वर्षे जनयुद्धले नेपाली जनताको चेतनास्तर धेरै माथि उठाइदियो । नेपाली जनताले यो प्राप्त गरे ।

(ङ) पिछाडि पारिएका जनजाति , दलित , मधेसी , मुस्लिम ,महिला , पिछडिएको



क्षेत्रका जनतालाई माथि उठ्ने मौका मिलेको छ । यही हो दश वर्षे जनयुद्धबाट नेपाली जनताले पाएको ।

***( ३ ) दश वर्षे जनयुद्धबाट नेपाली जनताले के गुमाए ?***

यसबाट नेपाली जनताले सर्वश्व गुमाए , जस्तै

(क) महान् दश वर्षे जनयुद्धको प्रक्रियाबाट प्राप्त गरेका स्थानीय नयाँ जनसत्ता,जनअदालत , जनकम्युनहरू र जनसरकारहरू गुमाए ।

(ख) जनमुक्ति सेना गुमाए ।

(ग) जनताको रगतले साटिएका जनमुक्ति सेनाले बोगेका हतियारहरू गुमाए ।

(घ) सामन्तवाद र साम्राज्यवाद विरोधी सारतत्व बोकेको जनताको संघीय गणतन्त्रात्मक ( जन ) संविधान बनाएर महान् नेपाली क्रान्ति सम्पन्न गर्ने उध्देश्येले निर्माण गरिएको पहिलो संविधानसभा गुमाए ।

(ङ) नेपाली जनताले शहिदको रूपमा आफ्ना दशौ हजार छोराछोरी गुमाए ।

(च) नेपाली जनताले यस युध्दबाट हजारौंको संख्यामा आफ्ना सन्तानहरू घाइते , अपांग भएको पाए ।

(छ) नेपाली जनताले यस युध्दबाट आफ्ना हजारौं सन्तानहरूलाई प्रतिक्रियावादी सत्ताले ज्यान विपत्ता पारि दिएको पाए ।

(ज) नेपाली जनताले यस युध्दबाट दश वर्ष सम्म नेपाली क्रान्तिका लागि गरेको त्याग , तपश्या र बलिदान गुमाए ।

(झ) नेपाली जनताले यस युध्दबाट महान् नेपाली क्रान्तिको आदर्श र स्वाभिमान गुमाए ।

मुख्यतः यिनै हुन नेपाली जनताले महान् जनयुद्धबाट गुमाएका चिजहरू ।

***(४) माओवादीको नेतृत्वमा किन त्यति छिटै वैचारिक विचलन आयो ?***

कुनै पनि घटना घट्नुका पछाडि निश्चित वैज्ञानिक कारणहरू विद्यमान रहेका हुन्छन् । यो विज्ञान कै नियम हो । मार्क्सवादी द्वन्द्ववादको नियम हो ।

महान् दश वर्षे जनयुद्धको नेतृत्व गरेका माओवादी नेताहरू पुष्पकमल दाहाल प्रचण्ड ( बावुराममा एक्कासि वैचारिक विचलन आएको होइन । यो विचलन आउनुको पछाडि निश्चित वैज्ञानिक कारणहरू रहेका छन् । जस्तो किः

(क) माओवादी पार्टीले मालेमावादलाई आफ्नो कामको पथप्रदर्शक सिध्दान्तको रूपमा अंगिकार गर्न पुग्यो ।यो ज्यादै महत्त्वपूर्ण विषय थियो । तर प्रचण्ड ( बावुराममा मालेमावादी सिध्दान्त र दर्शनका आधारभूत सिद्धान्तहरूको ज्ञान भण्डार कम्जोर रहन गयो । अर्थात् प्रचण्ड ( बावुराममा मार्क्सवाद , मार्क्सवादी दर्शन अर्थात् मालेमनवादी सिध्दान्त र दर्शनका विषयमा वैज्ञानिक अध्ययन र बुझाइको कमिरहन गयो । उनीहरूको पार्टी स्कुलिङ व्यवस्थित र वैज्ञानिक भएन ।

कुनै पनि व्यक्तिले मार्क्सवाद अर्थात् मालेमावादी अध्ययन गर्ने मात्र ठूलो कुरा होइन , मुख्य कुरा त मालेमावादलाई आत्मसात गर्ने कुरा र जीवन व्यवहारमा लागु गर्ने कुरा ठूलो कुरा हो । यो कठिन कार्य प्रचण्ड र बावुरामको जीवनमा लागु भएन । किनभने प्रचण्ड र बावुराममा चरम अवसरवाद थियो , त्यो क्रान्तिको जटिल प्रक्रियामा , वर्ग संघर्षको दौरानमा छिटो प्रकट हुन पुग्यो ।

(५) जनयुद्ध हाँकी रहेको तत्कालीन माओवादीको नेतृत्वमा वैचारिक स्तर उठ्न सकेन , जस्तो कि स्

२०५२ साल फाल्गुन १ गतेदेखि २०६२ साल असोज सम्म अर्थात् माओवादी पार्टीको चर्चित चुनवाङ बैठकसम्म आइपुग्दा सम्मको त्यो अवधिमा वर्ग संघर्षलाई चर्काइयो र हाकियो पनि । हजारौंको संख्यामा शहिद बन्न , अपांग र घाइते बन्न सक्ने स्पिरिट पैदा गर्न माओवादी नेतृत्व सफल त भयो । लाखौं लाख नेपाली जनता जनयुद्धमा लामबध्द बनाउन माओवादी नेतृत्व त सफल भयो नै । तर आफू चाहिँ मालेमावादको सिध्दान्तले लैस हुने , स्टालिनकै " शब्दमा विशेष धातुले बनेका कम्युनिस्ट " बन्न सकेनन् ।

प्रचण्ड-बावुरामले मार्क्सवादको स्वअध्ययन त गरे तर पार्टी स्कुलिङमा वैज्ञानिक ढंगले अध्ययन गर्न र मार्क्सवादका आधारभूत सिध्दान्तहरूलाई बुझ्ने , गहिरो गरी चिन्तन मनन गर्ने काम गरेनन् , टपर्टुयाँ अध्ययन र बुझाइका आधारमा नेता बन्न पुगिहाले तर त्यतिले मात्र आवश्यक वैचारिक खुराक पुगेन , वर्ग संघर्ष अर्थात् जनयुद्ध भीषण बन्दै गयो र प्रचण्ड ( बावुराममा रहेको मालेमावादको दर्शन र सिध्दान्तले धानेन र उनीहरू त्यस भीषण वर्ग संघर्षलाई हाँक्न डराएर वैचारिक रूपमा पलायन भए पछि चर्चित चुनवाङ बैठक हुदै शान्ति प्रक्रियामा प्रवेश गरेर बाँच्न कै निम्ति प्रचण्ड आफ्नो चरम अवसरवादी दस्ताहरूलाई उठाउदै एमाले भित्र विलय हुन पुगे भने बावुराम कांग्रेसमा विलय हुदै हाल क्षेत्रीय सामन्तवादी पार्टी तराई फोरम समाजवादी पार्टीमा प्रवेश गर्न पुगेका छन्

***(६) जनयुद्धकालीन माओवादी नेतृत्वमा वैचारिक स्तर उठ्न सकेन , अधिभूतवाद लागु गरियो , जस्तो कि***

माओवादी पार्टीको केन्द्रीय नेतृत्वले जनयुद्ध कै प्रक्रिया अन्तर्गत २०५७ सालमा दोस्रो राष्ट्रिय सम्मेलनमार्फत मालेमावादको विचार विकासको नाममा " प्रचण्ड पथ " को घोषणा गरेर प्रचण्डलाई खुसी तुल्याउन प्रचण्डलाई प्रचण्ड पथको पगरी घुताई दियो ।

तत्कालीन माओवादी नेतृत्वमा र स्वयं प्रचण्डमा त्यस अनुसारको विचारको विकास त भइसकेको थिएन प्रचण्डलाई फुर्क्याउन त्यसो गरिएको थियो । यो मार्क्सवादी दर्शनको फाँटमा चरम अधिभूतवादी प्रवृत्ति पैदा भएर प्रचण्डमा लागु गरिएको थियो र यो दर्शनको क्षेत्रमा व्यक्तिवादी श्रध्दावाद लागु हुन पुगेको थियो । श्रध्दावाद पूर्वीय दर्शनको एक हाँगोको रूपमा रहेको गैर मार्क्सवादी धारा हो । यसैले प्रचण्डलाई खायो ।

यसको मुख्य कारण पार्टी नेतृत्वमा वैचारिक स्तरको विकास भइनसक्नु नै हो । र, स्कुलिङकै अभावले यस खाले दार्शनिक समस्या पैदा भएको देखिन्छ त्यतिबेला ।

***निचोडमा***

यसले क्रान्तिलाई ठूलो धोका दियो । नेपाली जनतालाई ठूलो धोका दियो । नेपाली सर्वहारा वर्गलाई पनि ठूलो धोका दियो र नेतृत्व कै गध्दारीकै कारणले महान् नेपाली क्रान्तिले स्याडब्याक खायो । तर क्रान्ति यसकै कारणले रोकिदैन । खतमै भै हाल्दैन । माथि उल्लेख गरिएको छ नयाँ सिराबाट महान् नेपाली क्रान्तिका बाकी कार्यभारहरू पुरा गर्ने बचनबध्दताका सात क्रान्तिका कामलाई अगाडि बढाउने काम क्रान्तिकारी माओवादी कम्युनिस्टहरूबाट प्रयास भइरहेको छ । क्रान्ति अबश्यम्भावी छ ।

*बुढानिलकण्ठ नगर पालिका-२,*
*कल्पवृक्ष कोलोनी, काठमाडौं*

# सिन्धुली जिल्लाको सदरमुकाममा १० दलीय मोर्चाको विरोध सभा सम्पन्न

## चैत्र २४ गते विशाल जनप्रदर्शनका लागि काठमाडौं जान अनुरोध



● **भरतबूर्जा मगर**

सिन्धुली। देशैभरी विरोधसभाहरू गर्ने १०दलीय निर्णयअनुसार सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुली बजारको लोकतान्त्रिक चौतारामा 'राष्ट्रिय स्वाधिनताको रक्षा र एमसीसीको विरोध' मा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा(मसाल), नेकपा(माले), नेकपा( संयुक्त), देजमो नेपाल, राजमो नेपाल, जनसमाजवादी दल र राष्ट्रिय जागरण परिषदलगायत दलहरूको सहभागितामा विरोध सभा सम्पन्न भएको छ।

उक्त विरोधसभामा नेकपा (क्रान्तिकारी माआवादी)का केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज ले राष्ट्रिय स्वाधिनता र क्षेत्रीय अखण्डताको रक्षाका लागि र एमसीसीको विरोधमा १० दलीय संयुक्त आन्दोलन गर्ने केन्द्रीय निर्णयअनुसार भारतीय नक्सामा पारिएको नेपाली भूमि भारतीय नक्साबाट हटाएर नेपालको नक्सामा नपारेसम्म, कालापानीबाट भारतीय सेना नहटाएसम्म र एमसीसी खारेज नगरेसम्म विशाल जनआन्दोलन र नेपाल बन्दसम्म जाने १०दलको निर्णयअनुसार ७७वटै जिल्लामा कार्यक्रम भएका र यो जिल्लामा पनि यस सिन्धुली माडी बजारको लोकतान्त्रिक चौतारामा विरोधसभा राखिएको वारे जानकारी दिंदै चैत्र २४ गते विशाल जनप्रदर्शनका लागि काठमान्डौ जान पनि उनले अनुरोध गरेका थिए। उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता र राजामोका जिल्ला नेता हिरा श्रेष्ठको उपस्थिति थियो। कार्यक्रमको सञ्चालन देशमो नेपालका जिल्ला अध्यक्ष ढकप्रसाद देवकोटाले गरेका थिए।

# दाङमा संयुक्त विरोधसभा सम्पन्न




● **ईश्वरी गैरे**

दाङ। भ्रष्टाचार, सिमा अतिक्रम र एमसिसि बिरुद्ध दाङमा क्रियाशील पाँच दलले केन्द्रीय कार्यक्रम अनुसार बिरोध तथा कोणसभा गरेका छन। नेकपा मसाल ,नेकपा (क्रान्तिकारी माओवादी), नेकपा माले ,राष्ट्रिय जनमोर्चा नेपाल ,देशभक्त जणगणतान्त्रिक मोर्चा लगायतले बढदै गएको भ्रष्टाचार, नेपाली भुमि अतिक्रम र मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसि) को बिरोध गरेका हुन्।

तुलसीपुर मा आयोजना गरिएको कार्यक्रममा राष्ट्रियता र स्वाधीनताको पक्षमा सरकार गम्भीर हुन नसकेको वक्ताहरूले बताए। सरकार भ्रष्टाचारमा लिप्त भएको, राष्ट्रियता सम्बन्धमा गम्भीर हुन नसकेको, देशको साभौमिकता नै धरापमा पार्ने एमसिसि जस्तो घातक सम्झौता सरकारले सँसदबाट पारित गर्ने खोजेर असम्लग्न नीति पञ्चशिल परराष्ट्र निति बिपरित जान खोजेको आरोप पलगाएका छन।

कार्यक्रमका बक्ताहरूले लिम्पियाधुरा, लिपुलेख, कालापानी भारतले अतिक्रम गरेको भुमि फिर्तागर्नुपर्ने बिषयमा सरकार मौन रहनुको कारण के हो ? गुमेको भुमि फिर्ता लिन कुटनैतिक माध्यमबाट पहल गर्न नसको आरोप लगाए। बिरोध कोणसभामा वक्ताहरूले एमसीसी परियोजनाले संसारभरिका देशहरूबाट प्राकृतिक सम्पदा दोहन गरिसकेको भन्दै अब नेपाल को सुन्दर प्राकृतिक स्रोतसाधन माथि दोहन गर्न खोजेको तर आफुहरूले जुनसुकै मुल्य चुकाएर पनि एमसिसिको नाममा अमेरिकी सेना नेपालमा आउन नदिने र जनताहरू सजग रहन आब्हान गरे। अमेरिकीहरूले संसारका कुनैपनि देशहरूलाई बाइबल बाहेक अरु कुनै पनि बस्तु निशुल्क रूपमा उपलब्ध नगराउने दाबी गर्दै नेपाललाई सैनिक अखडा बनाउन लागेको बक्ताहरूको भनाइ छ। बक्ताहरूले कुनै पनि हालतमा राष्ट्रियता लाई बन्धकी राखेर एमसिसि परियोजना स्विकार गर्न नसकिने बताएका छन।

उक्त कोणसभामा नेकपा मसालका दाङ जिल्ला प्रवक्ता भरत भण्डारी ,नेकपा माले जिल्ला सचिव नेत्र प्रकाश पाण्डे ,देशभक्त जनगणतान्त्रिक मोर्चा दाङका सचिव ईश्वरी गैरे ,नेकपा (क्रान्तिकारी माओवादी) दाङका सदस्य पारस ,राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य कमला जि सि लगाएतकाले बोल्नु भएको थियो। उक्त कोणसभामा सहजिकरण राष्ट्रिय जनमोर्चाका जिल्ला सचिबालय सदस्य शुक्रराज भण्डारीले गर्नु भएको थियो।

## क्रान्तिकारी माओवादी ४ नं....

बताउनुभयो।

अभियानका प्रवक्ता रविन्द्र जैसवालले भन्नुभयोँ,सरकारले नागरिकता हुनेलाई घरवास कार्यक्रम अनुसार घर बनाइदियो। नागरिकता



नहुने तर सीमा संरक्षण गर्दा गर्दै मृत्यु वरण गरेका परिवारलाई नागरिकता सम्म दिँदैन। घरवास कार्यक्रममा सुस्तामा रहदा नेपाली नागरिकता लिएर भारत वस्दै गरेको व्यक्ति जनताआवास कार्यक्रमको सुविधा लिन फर्किएर आए तर हामीले उनलाई उक्त सेवा दिन रोक्यौँ। मेरो प्रश्न यही हो की राष्ट्रको माया कति हुन्छ र कसरी भूमि बचाएका छौँ हामीलाई थाहा छ अनि हामीलाई नागरिकता दिइन्न। एउटा छुट्टै समिति गठन गरी सुस्तावासीको माग तत्काल सम्वोधन गर्न आग्रह गर्छौं।'

उहाँहरूको मागलाई वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी सहित देशभक्त जनगणतान्त्रीक मोर्चा नेपालले ऐक्यवद्धता जनाउँदै त्यसलाई पूर्णता दिन पार्टीको तर्फबाट प्रतिवद्धता जनाएको छ। नवलपरासी पश्चिम स्थित सुस्ता गाउँपालिका वडानम्वर ५ मा आज आयोजित कार्यक्रममा सम्वोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल प्रदेश ४ का अध्यक्ष नेत्र रानाभाटले सुस्ता वचाउ अभियानका उपाध्यक्ष आदम खान, प्रवक्ता रविन्द्र जैसवाल र महिला नेतृ नैला वेगमले राखेको मागहरूलाई समाधान गर्न पार्टीले वलिदान दिन समेत तयार रहेको भन्दै सुस्तामा भारतले मिचेको जग्गा फिर्ताका लागि ३ करोड नेपाली जनताको साथ र समर्थन जुटाउन आफुहरू लागिपर्ने बताउनुभयो। ३ हजार बढि जनसंख्या रहेको उक्त क्षेत्रमा नेपालीलाई सरकारले न्युनतम सुविधाबाट वन्चित गरेको र भारतले मिचेको नेपाली जमिन फिर्ताका लागि अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीसँग समय माग्दा भेट्न नमानेको गुनासो गरेका थिए। दुई तिहाइको सरकार सम्हाल्दा अव त सुस्ताको समस्या समाधान हुन्छ की भन्ने थियो सुस्ता वचाउ अभियानका उपाध्यक्ष खानले भन्नुभयो, तर भेट्न सम्म दिइन्न। क्रान्तिकारी भनिएका प्रचण्ड देखि शीर्ष नेताहरूसँग सीमान संरक्षणको आशा नै नरहेको उनीहरको भनाई थियो।

पैसाले किन्यो भने भारतीयलाई पनि नागरिकता दिने तर सीमाना रक्षार्थ ज्यान दिने सुस्तावासीलाई किन नागरिकता र लालपुर्जा विहिन वनाउने उनीहरूको प्रश्न थियो।

सभालाई सम्वोधन गर्दै रानाभाटले आवश्यक सरकारी छानविन सहित नागरिकता, लालपुर्जा दिलाउन सरकारसँग पहल गर्ने, नेपाली भूमि जोगाउने सुस्तावासीलाई हरेक आन्दोलन र कदममा साथ दिने सहितका मागमा प्रतिवद्धता जनाउनुभयो। कार्यक्रममा बोल्ने वक्ताहरूले देशको ७१ ठाउँमा अघोषित सीमा अतिक्रमण भएको भन्दै त्यसको फिर्ता गरी संरक्षण गर्न र जनतालाई सुविधाबाट वञ्चित नगर्न सरकारसँग माग गरेका थिए। नवलपरासी शाखाले गरेको उक्त कार्यक्रममा बोल्दै प्रमुख अतिथि समेत रहनुभएका नेकपा क्रान्तिकारी माओवादी पोलिटव्युरो सदस्य एवम् प्रदेश ईन्चार्ज चन्द्र हरि सुवेदी अटलले लिम्पियाधुरा र लिपुलेक सहित अतिक्रमणमा परेका नेपाली भूमिको तत्काल फिर्ता सहित संरक्षण गर्न माग गर्दै राष्ट्रहितमा रहेको एमसीसी खारेज गर्न माग गर्नुभयो। नेकपा क्रान्तिकारी माओवादी प्रदेश ४ सेक्रेटरी केशबहादुर परियारले आफू १० वर्ष अघि सुस्ता जाँदा अवस्था र जनताको आवश्यकता जे थियो अझै पनि त्यही हुनुले दुखीत वनाएको बताउनुभयो। सरकारले सुविधाबाट वञ्चित गरेको भन्दै तत्काल सुस्तावासीको माग सम्वोधन गर्न आग्रह गर्नुभयो। कार्यक्रममा बोल्ने सवै वक्ताहरूले अहिले छलफलमा तिव्रता पाएको एमसीसी पारित गर्न नहुनेमा पनि उहाँहरूको जोड थियो। महाकालि सन्धि भन्दा खतरा रहेको एमसीसी पारित गर्न नहुने र देशको स्वाधीनता र रीाष्ट्रियताका लागि सवै जनता एक जुट हुन आह्वान गरिएको थियो।

## क्रान्तिकारी माओवादी पश्चिम...

पोखरा डाँडामा कोणसभा सम्पन्न गरेको थियो। उक्त सभाको संचालन महेश श्रेष्ठले गरेका थिए भने वक्ताको रूपमा निरज के.सी.ले सम्बोधन गरेका थिए। सोही दिन भुमे गाउँपालिका २ खाबांग बजारमा अर्को कोणसभाको आयोजना गरियो, जसमा संचालन महेश श्रेष्ठले गरेका थिए भने वक्ताको रूपमा भुपेन्द्र न्यौपानेले सम्बोधन गरेका थिए। त्यसपछि सिस्ने गाउँपालिका ६ छिप्रीदह रुकुमकोटमा भएको कार्यक्रमको संचालन दिलबहादुर कठायतले गरेका थिए भने वक्ताको रूपमा निरज के.सी.र प्रेम सुवेदीले सम्बोधन गरेका थिए। अमरले केही जनवादी गितहरू गाएका थिए।

यसैक्रमलाई निरन्तरता दिंदै अभियान टोली ६ न. प्रदेशमा पर्ने पश्चिम रुकुमको मुसीकोट नगरपालिका १ मा ६ नं. प्रदेशबाट चक्रपाणी शर्मा र दिपक शाहीको नेतृत्वमा कार्यक्रममा जोडिन आएका अभियान टोली सदस्यहरूको सहभागिता भयो। उक्त नगरपालिका १ त्रिवेणी चोकमा भएको कार्यक्रमको संचालन दिपक शाहीले गरेका थिए भने वक्ताको रूपमा निरज केसी र चक्रपाणी शर्माले सम्बोधन गरेका थिए। अमरले जनवादी गित गाएका थिए

उक्त अभियान टोलीले फागुन १४ गते रोल्पाका विभिन्न गाउँहरूको कार्यक्रम सफलतापूर्वक सम्पन्न गरी १५ गते रोल्पाको वागमारा गाउँपालिका वार्ड नं. ३ मा कोण सभाको आयोजना गरेको थियो। जसमा संचालक महेश श्रेष्ठ र वक्तामा धनेश्वर पोखेल थिए। त्यसैगरी पूवी रुकुमको भुमे गाउँपालिका वार्ड नं. ९ चुनवांग गैरीगाउँमा अर्को कोणसभा सम्पन्न गरियो, जसको संचालन दिल बहादुर कठायतले गरेका थिए भने उक्त कोणसभालाई निरज के.सी.ले सम्वोधन गरेका थिए। उक्त कार्यक्रममा अमरले क्रान्तिकारी गित गाएका थिए। त्यसपछि रोल्पाकै परिवर्तन गाउँपालिका वार्ड नं. १ खरीबोटमा कोणसभाको आयोजना गरियो र यसको संचालन महेश श्रेष्ठले गरेका थिए भने सम्वोधन निरज के.सी.ले गरेका थिए।

रोल्पा जिल्लाको अन्तिम कार्यक्रमका रूपमा थवांग गाउँमा कार्यक्रमको आयोजना गरियो, जसलाई निरज के.सी., भुपेन्द्र न्यौपाने र धनेश्वर पोखेलले सम्बोधन गरेका थिए भने दिल बहादुर कठायतले संचालन गरेका थिए। उक्त सभामा अमरले केही क्रान्तिकारी गित गाएका थिए।

अभियान टोलीले फागुन १०, ११ र १२ गते प्युठानमा विभिन्न कार्यक्रमहरू सफतापूर्वक सम्पन्न गरी १३ गते रोल्पाको सुनिल स्मृती गाउँपालिका २ खुङ्ग्री बजारमा कोणसभा सम्पन्न गरेको थियो। उक्त सभाको संचालन महेश श्रेष्ठले गरेका थिए भने वक्ताको रूपमा तेजविक्रम शाहीले सम्बोधन गरेका थिए। सोही दिन सुनिल स्मृती गाउँपालिका ४ सुलिचौरमा अर्को कोणसभा सम्पन्न गरियो जसमा वक्ताहरू नीरज के.सी. र धनेश्वर पोखेल थिए भने सचालन दिलबहादर कठायतले गरेका थिए।

रोल्पाको सदरमुकाम लिवाङ बजारमा अर्को कोणसभाको आयोजना गरियो, जसमा वक्ताको रूपमा निरज के.सी. र भुपेन्द्र न्यौपानेले सम्वोधन गरेका थिए भने कार्यक्रमको संचालन महेश श्रेष्ठले गरेका थिए।

# नेपाल–भारत व्यापार सम्बन्ध : एक प्रवृत्तिगत विश्लेषण



● सीताराम तामाङ ●

तालिका नं. २

नेपालको वैदेशिक व्यापार स्थिति

| आ.व. | निर्यात | | | आयात | | | व्यापार घाटा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | भारत | अन्य | कुल | भारत | अन्य | कुल | भरत | अन्य |
| १९५६/५७ | ९.५५ | ९.३४(९७.८) | ०.२१(२.२) | १६.९९ | १६.५८(९७.६) | ०.४१(२.४) | ७.४४ | ७.२४(९७.७३) | ०.२(२.२७) |
| १०६० /६१ | २०.९७ | २०.९२(९९.८) | ०.०५(०.२ | ३९.८० | ३७.५१(९४.२) | २.३९(५.८) | १८.८३ | १६.५९(८८.१०) | २.२४(११.९०) |
| १९६५/६६ | ३७.५१ | ६३.१७(९६.४) | १.३४(३.६) | ७६.२० | ७६.३५(९७.६) | १.८५(२.४) | ४०.६९ | ४०.१८(९८.७५) | ०.५१(१.२५) |
| १९७०/७१ | ४०.६० | ३२.८३(८१९) | ७.२३(१८.१) | ६९.९१ | ६१.६५(८८.२) | ८.२३(११.८) | २९.८५ | २८.८५(९६.६५) | १.००(३.३५) |
| १९७५/७६ | ११८.५८ | ८९.३७(७५.४) | २९.२१(२४.६) | १९८.१७ | १२२.७१(६१.९) | ७५.४६(३८.१) | ७९.५९ | ३३.३४(४१.८९) | ४६.२५(५८.११) |
| १९८०/८१ | १६०.८७ | ९९.२४(६१.७) | ६१.६३(३८.३) | ४४२.८२ | २१७.९०(४९.२) | २२४.९२(५०.८) | २८१.९५ | ११८.६६(४२.०९) | १६३.२९(५७.९१) |
| १९८५/८६ | ३०७.८० | १२४.११(४०.३) | १८३.६९(५९.७) | ९३४.१२ | ३९७.०९(२४.५) | ५३७.०३(५७.५) | ६२६.३२ | २७२.९८(४३.५८) | ३५३.३४(५६.२४) |
| १९०९/९१ | ७३८.७५ | १५५.२२(२१.०) | ५८३.५३(७९.०) | २३२२.६५ | ७३२.३१(३१.५) | १५९०.३४(६८.५) | १५८३.९० | ५७७.०९(३६.४३) | १००६.८१(६३.५७) |
| १९९५/९६ | १९४८.३८ | ३९७.८६(२०.०६) | १५८६.५१(७९.९५) | ७६६३.२० | २५५८.८०(३३.३९) | ५१४.३०(६६.६१) | ५६७८.८२ | २१६०.९३(३८.०५ | ३५१७.७९(६१.९५) |
| १९९८/९९ | ३५६७.६३ | १२५३.०७९(३५.१) | २३१४.५६(६४.९) | ८७५२.५३(१००.०) | ३२११.९७(३५.४) | ५५४०.५६(६४.६) | ५१८४.९० | १९५८.९०(३७.८) | ३२२६.००(६२.२) |
| २००३/०४ | ५३९१.१ | ३०७७.७(५७.६) | २३१३.४(५२.४) | १३६२७.७ | ७८७४.०(५७.८) | ५७५३.८(४२.२) | -८२३६.६ | -४७९६.२(-५८.२) | -३४४०.४(४१.८) |
| २००९/१० | ६९८२.४ | ३९९९.४(६६.४) | २०८३.०(३५.६) | ३७४३३.५ | २१७११.१(५४.७) | १५७२२.१(४५.३) | -३१३५१.१ | -१७७१२.१(-५६.१) | -१३६३९.१(-४३.९) |
| २०१५/१६ | ७०११.७ | ३९४९.४(५६.३) | ३०६२.४(४३.७) | ७७३५९.९ | ४७७२१.३(६१.७) | २९६३८.६(३८.३) | -७०३४८.२ | -४३७७१.९(-६२.२) | -२६५७६.३(-३७८) |

*Sources: ने.रा. बैंक, CBS/N: Statistical Pocket Books. र अर्थमन्त्रालय (आर्थिक सर्वेक्षणहरू)*

१) **बिषय उठान** : आज कुनै पनि मुलुक व्यापार विना बाँच्न सक्तैन । बैदेशिक व्यापारको आधारमा त्यस देशको विकासको मुल्याङ्कन गर्न सकिन्छ । सामान्यतः कुनै पनि मुलुकको वैदेशिक व्यापारको बटावटमा ३ कुरा हेरिन्छ : (क) निर्यात क्षेत्र (ख) व्यापार शर्त र, (ग) व्यापार सन्तुलन । मुलुकको खास-खास वस्तुहरूको लागि विदेशी बजारलाई निर्यात क्षेत्रले व्यापकीकरण गर्दै लैजान्छ र त्यो स्वभाविक पनि हुन्छ । किनभने कुनै एउटा मुलुकले अर्थतन्त्रको सबै क्षेत्रमा निर्यात योग्य वस्तुको उत्पादन गर्न सक्तैन । त्यसैले व्यापार भनेको अभावहरूको वीचमा हुने गर्दछ । निर्यात क्षेत्रको विकासले व्यापारको शर्तलाई मुलुकको पक्षमा बनाउन सक्तछ । त्यसबाट मुलुकको औद्योगिक विकास र लगानी वृद्धि हुन गई व्यापार सन्तुलन मुलुकको पक्षमा रहन जान्छ । मुलुकको व्यापार सन्तुलन भनेको सामान्यतः "निर्यात+आन्तरिक लगानी= आन्तरिक बचत+आयात" हो । तर कुनैपनि व्यापार गर्ने मुलुकको व्यापार शर्तलाई त्यसदेशको ऐतिहासिक विकासले प्रभाव पारेको हुन्छ । अल्पविकसित मुलुकहरू प्राथमिक वस्तुहरू र कृषि पैदावार निर्यात गर्दछन् र तुलानात्मक रूपले विकसित पुँजीवादी मुलुकहरूबाट मेसीनरी एवं अन्य तयारी बस्तुहरू आयात गर्दछन् । मार्क्सवादी अर्थराजनीतिक दृष्टिकोण अनुसार अविकसित क्षेत्रतिर पुँजी निर्यात हुँदा पुँजीवादी मुलुकहरूको नाफाको दर उच्च हुन्छ । पुँजीवादी समाजमा "दलाली क्षमता" अविकसित वा सामन्ती समाजमा भन्दा बढी हुन्छ र साथै अन्य कारणहरूले पनि उसले कमजोर मुलुकलाई प्रभाव पार्ने गर्दछ । नेपाल-भारत बीच "असमान विनिमय" हुनमा पनि उक्त कारणहरूले मद्दत गरेको छ । तर नेपाल र भारतवीच यस प्रकारको असमान विनिमय स्थिति रहनुमा भारतको प्रभुत्ववादी नीति त छदैछ साथै नेपालका शासकहरूले मुलुकको शिरलाई ठाडो हुन नदिने दलाली नीति पनि काफी जिम्मेवार रहेको छ ।अब हामी नेपाल-भारत बीचको असमान व्यापार स्थितिको बारेमा बुँदागत छलफल गर्नेछौं ।

२) **नेपाल–भारत व्यापारको इतिहास**

भौगोलिक कारणले गर्दा नेपालको आन्तरिक भन्दा छिमेकीहरूसंगको व्यापार सम्बन्ध पुरानो रहेको छ । यातायात र संचारको विकास नभएको अवस्थाको कारण नेपालको वैदेशिक व्यापार पनि भारत र चीन (तिब्बत) का बीच मात्र सिमित थियो (Regmi,1988:181)। खासगरी काठमाण्डौं उपत्यका तिब्बत र उत्तरी भारत बीचको मध्यस्थ व्यापारस्थलको रूपमा रहेको थियो । नेपालले भारतबाट बस्तुहरू आयात गरी तिब्बत पठाउने र तिब्बतबाट आयात गरिएका वस्तुहरू भारत पठाउने गर्दथ्यो । नेपालमा उत्पादित वस्तुहरू पनि तिब्बत र भारत निकासी गरिन्थ्यो । नेपालको तिब्बतसंगको व्यापार भारतसंग हुने व्यापारको तुलनामा निकै ठूलो परिमाणमा हुन्थ्यो र बढी लाभप्रद पनि थियो । तर सन् १८१६ मा भएको सुगौली सन्धि पछि, जुन सन्धिले नेपाललाई वृटिस-भारतको अर्ध-उपनिवेश बनाएको थियो, नेपालको भारत र तिब्बत वीचको मध्यस्त व्यापारको भूमिका कमजोर हुदै गयो र त्यसको ठाउँ क्रमश : नेपाल -वृटिश ईण्डिया बीचको व्यापार सम्बन्धले लिदै गयो । त्यसले नेपाल र तिब्बत वीचको व्यापारलाई पनि कमजोर बनायो । १८ औं शताब्दीको अन्तसम्म पनि नेपाल-भारत वीचको व्यापारले प्रतिवर्ष रु ५ लाख पनि धान्न सकेको थिएन, जवकि तिब्बतबाट आयात गरिने सून र चाँदी मात्र पनि रु ७-८ लाखको हुने गर्दथ्यो जुन मुलुकको कुल व्यापारको २४-२८ प्रतिशत मात्र हुने गर्दथ्यो । तर नेपाल-भारत बीचको व्यापार भने (सन् १७९५मा) रु.५ लाखबाट बढेर सन् १८३१ मा रु.३१ लाख पुग्न गएको थियो । उक्त व्यापार सन् १८९१ मा रु. ३ करोड ३० लाख पुगेको थियो (Rawat. 1974:56, Chanda, 1977:12) । भारतसंगको व्यापार विस्तार हुनको अर्को कारण के पनि थियो भने १९ औं शताब्दीको उत्तरार्धमा नेपालको तराई छेउसम्म भारतमा सडक र रेलमार्ग विस्तार गरिएको थियो । यातायात सुविधा विस्तारले गर्दा उत्तरी भारतमा द्रुतगतिमा औंद्योगिक विकास सँभव हुन गयो । त्यस कारणले गर्दा नेपाल तराईका प्राथमिक उत्पादन र वन पैदावारको मागमा वृद्धि हुन गई नेपालको निर्यात व्यापारमा उल्लेखनीय रूपमा वृद्धि हुन गयो । साथै भारतीय लत्ताकपडा, धातुहरू र औद्योगिक वस्तुहरूको पनि नेपालकोआन्तरिक बजारमा ठूलो परिमाणमा आयात गरियो ।

तालिका. नं. १

**सन् १९५० भन्दा पहिलेको नेपाल–भारत व्यापार स्थिति**

| आ.ब. | निर्यात (रु.लाखमा) | आयात (रु.लाखमा) |
|---|---|---|
| १८०९-१० | ३.६४ | ०.७१ |
| १८३०-३१ | १०.०० | १६.०० |
| १८७८-७९ | १३९.६९ | ८३.५३ |
| १८९५-९६ | १७६.५३ | १२७.२१ |
| १९०२-०३ | २६१.५९ | १४३.३१ |
| १९०८-०९ | ३५५.२४ | १७२.८३ |
| १९११-१२ | ४३६.८० | २२१.३२ |
| १९२४-२५ | ५८२.०० | २७९.४३ |

*श्रोत (१) थापा, तिमिल्सिना र दाहाल (२०५४:३०२-३४०)*

(२) M.C.Regmi (1988:211)

सन् १९०४ देखि सिक्किमको चुम्वी उपत्यका हुँदै तिब्बत र भारत वीच सीधा व्यापार शुरु हुन थाले पछि तिब्बत-नेपाल-भारत बीचको व्यापार पुरै टुटेर गयो र नेपाल-भारत वीचको व्यापारको प्रभुत्व बढ्न पुग्यो । त्यसपछि नेपाल-तिब्बत बीचको ब्यापार अत्यन्त सीमित रहन गयो । तिब्बतसंगको यस्तो स्थिति सन् १९५९ सम्म यथावत रहेकोथियो (थापा, तिमिल्सिना र दाहाल : २०५४ :३२८) ।

सन् १९०४ पछि र खासगरी सन् १९२३ को नेपाल र वृटिस-ईण्डियावीच भएको असमान ब्यापार सन्धि पछि नेपाल-भारतवीच व्यापार वृद्धि मात्र भएन कि नेपाल वृटिस ईण्डियाकोतयारी बस्तुहरूमा बढी आश्रित भयो । उक्त सम्झौताले नेपालमा भारतीय तयारी बस्तुको आयातमा पूर्ण छुट दिएको थियो । फलतः त्यसले नेपालको घरेलु उद्योगहरू र नयाँ उद्योगहरूको स्थापनाको संभावनालाई पूर्णतः हतोत्साही बनाई दियो (Lohani, 1973:204) र नेपाल वृटिस-भारतीय तयारी सामानहरूको सुरक्षित बजार बन्न पुग्यो जुन स्थिति सन् १९५० सम्म यथावत रह्यो ।

सन् १८१६ को सुगौली सन्धि पछि साम्राज्यवादी वृटिशले नेपाललाई आफ्नो सुरक्षित वजार बनाउन चाहे अनुरूप भारतीय व्यापारको वृद्धि हुन थालेको मात्र होईन कि १४ वर्ष भित्रमै तीन दोब्बर समेत भएको थियो । उक्त सन्धि पछि भारतीय व्यापारीहरू नेपालको भित्रिभागसम्म पस्न पाए । सन् १८१६ सम्म काठमाण्डौंमा १ जना पनि भारतीय व्यापारी थिएन तर सन् १९२९ मा उनीहरू ३४ जना पुगेका थिए । त्यस वेला नेवार व्यापारीको संख्या ५२ मात्र थियो । सुगौली सन्धि अघिसम्मभारतसंग नेपालको सानो स्केलमा मात्र व्यापार चलेको थियो र व्यापार सन्तुलन नेपालकै पक्षमा थियो । त्यसपछि भारतीय तयारी बस्तुहरूको आयातमा उल्लेखनीय वृद्धि भई व्यापार सन्तुलन नेपालको विपक्षमा गयो । तर १९ औं शताव्दीको उत्तार्धमा नेपाल तराईको छेउसम्म भारतीय यातायातको सुविधाको विकास भएकोले प्राथामिक वस्तुहरू र कृषि उत्पादनहरूको निर्यातमा ठूलो मात्रामा वृद्धि हुन गई नेपाल-भारत व्यापार सन्तुलन नेपालकै पक्षमा हुन आयो । १९२३ को असमान सन्धि पश्चात् भने नेपालमा विदेशी बस्तुहरूको आयातलाई प्रोत्साहन मिल्न गएकोले नेपालको आयातको मात्रामा व्यापक वृद्धि हुन गई व्यापार सन्तुलन फेरी नेपालको विपक्षमा गएको देखिन्छ (थापा र साथीहरू, २०५४ :३१४) । तथ्याङ्कको अभावमा १९२५ पछिका विवरणहरू किटानी गर्न नसकिने स्थिति भए पनि दाश्रो विश्वयुद्धताका स्वदेशमै केही उद्योगहरूको स्थापना हुन गएबाट केही बस्तुहरूको आपूर्ति भई मुलुकको व्यापार सन्तुलनमा केही सकारात्मक प्रभाव पार्न खोजेको भएपनि त्यसको स्थायीत्व नभएको कारणले गर्दा व्यापारको क्षेत्रमा नेपालको निर्भता भारतसंग बढ्दै गयो र सन् १९५० सम्ममा नेपालको स्थिति अरु नाजुक हुन पुग्यो (पाण्डे,२०३८ :८७-१०५) ।

३. **वर्तमान नेपाल–भारत व्यापारका निर्देशक तत्वहरू**

सन् १८१६ मा साम्राज्यवादी वृटिश-इण्डियासंग गरिएको असमान सन्धिबाट अर्ध-औपनिवेशिक अवस्थामा जकडिएको नेपालले सन् १९२३ को व्यापार सन्धि मार्फत वृटिश-ईण्याको तयारी वस्तुको सुरक्षित बजारको हैसियत वेहोर्नु परेको थियो । भारतबाट अंग्रेजहरू गए तर आफूलाई प्रजातन्त्रवादी भनेर देखाउन खोज्ने भारतीय शासकहरूले सन् १९५० को असमान वाणिज्य तथा व्यापार सन्धि थोपरेर नेपालमाथि अंग्रेजलेझैं नै नेपालको वैदेशिक व्यापारलाई भारतको तर्फमात्र ढल्काउने स्थितिको सिर्जना गऱ्यो । त्यो सन्धिले नेपालको सार्वभौमिकतामाथि सिधै आँच पुऱ्यायो । त्यो सन्धिले नेपालको व्यापार फस्टाउन दिने त कुरै थिएन बरु त्यसले गर्दा भारतका ब्याङ्कहरूमा नेपालले आर्जन गरेको परिवर्त्य मुद्राराशी भा.रु. मा जम्मा हुने पूर्व परम्परा कायम रह्यो र विदेश व्यापारको नाममा भारतसंग मात्र व्यापार हुन सक्ने स्थितिलाई मजबुत पारी मागेको अबस्थामा भा.रु. भारतीय ब्याङ्कले नेपाललाई दिने शर्त स्वीकारियो (ने.वा.उ.स.ले १९७० मा 'नेपाल-भारत वाणिज्य तथा पारवहन सन्धि कस्तो हुनुपर्छ ?' भन्नेबारे एउटा राष्ट्व्यापी प्रतिनिधित्व भएको वृहत गोष्टीको आयोजना गरेको थियो । उक्त समयमा ने.वा.उ. सन्धिको महासचिवले पेश गरेको कार्यपत्र) । नेपालको बजारलाई भारतीय वस्तुहरूको निमित्त सुरक्षित गरियो (राजकर्णीकार, २०५७/२/३२ बुधबार साप्ताहिक)। त्यसपछि १९६०, १९७१ र १९७८ मा नेपाल-भारतबीच वाणिज्य तथा व्यापार सन्धिहरू भए । सन् १९७८ मा पहिलो पटक वाणिज्य र पारवहन सम्बन्धी छुट्टा-छुट्टै सन्धि भएको थियो । उक्त सन्धि अनुसार व्यापार सन्धि ५ वर्षको निम्ति र पारवहन सन्धि ७ बर्षको निम्ति गरिएकोथियो । व्यापार सन्धिको म्याद सकिए पछि ५ वर्षको निम्ति फेरी एक पटक म्यद थपियो । तर पारवहन सन्धिको म्याद सकिएपछि पुनः ७ बर्षको लागि नविकरण नगरी २/२ वर्ष गरी दुइ पटक मात्र म्याद थप्ने काम गरियो । यसरी भारतले व्यापार र पारवहन सन्धिको म्याद सन् १९८९ मा एकै पटक सकिने तारतम्य मिलायो र नेपालले चीनबाट हतियार झिकाएको निहुँ बनाई नियोजित रूपले २४ मार्च,१९८९ मा वाणिज्य र पारवहन सन्धिहरू दुवै एकसाथ समाप्त भएको एकतर्फी घोषणा गरी नेपालमाथि नाकावन्दी गऱ्यो ।

नेपालमा पञ्चायती तानाशाही व्यवस्था खत्तम भई वर्तमान वहुदलीय व्यवस्था आएपछि दुई देशका प्रधानमन्त्रीहरू बीच १० जुन, १९९० मा एउटा काम चलाउ सम्झौता भई नेपाल-भारतबीचको व्यापार पुरानै ढंगबाट संचालन हुन थालेको थियो र त्सपछि ६ डिसेम्बर १९९१ मा मात्र नेपाल-भारतबीच व्यापार र पारवहन सम्बन्धी छुट्टा-छुट्टै सन्धि सम्पन्न भयो । सन् १९९१ मा भएको उक्त सन्धीहरूलाई सन् १९९६ मा पुनः नवीकरण र संशोधन गरिएको छ, जस अनुसार हाल नेपाल र भारतबीच व्यापार, पारवहन र अनाधिकृत व्यापार नियन्त्रण सन्झौता भई दुई देशबीच व्यापार संचालन भईरहेको थियो । फेरी २०१६मा भारतले नेपालमाथि गरेको नाकावन्दीले नेपालको उद्योग, ब्यापार र पारवहन सुविधालाई गम्भीर असर गरेकोछ । यसरी नेपाल-भारत व्यापार सम्वन्ध असमान सन्धिहरूवाट निर्देशित रहेको छ ।

४) **नेपाल–भारत बीच व्यापारको स्थिति**

भारतसंग भएको सन् १९५० को असमान व्यापार सन्धिको कारण नेपालले भारत वाहेकका अन्य समुद्रपार मुलुकहरूमा व्यापार विस्तार गर्न नसक्ने स्थिति थियो । सन् १९६३ मा एउटा पुरक सम्झौता भएपछि सीमित नेपाली समान भारतीय वाटो भएर विदेश जान सक्ने र विदेशी समान पनि नेपाल आउन सक्ने भयो । नेपालको देशगत व्यापार विविधिकरण गर्ने प्रयास स्वरूप १९५६/५७ मा कुल निर्यातको ९९.८ प्रतिशत र आयातको ९७.६ प्रतिशत व्यापार भारतसंग मात्र भएकोमा १९७०/७१ मा कुल नियातको ८१.९ प्रतिशत भारतमा र १८.८ प्रतिशत अन्य मुलुकमा भएको र कुल आयातको पनि ८८.२ प्रतिशत भारतवाट र ११.८ प्रतिशत अन्य मुलुकबाट गरिएको थियो । त्यसपछि नेपालको कुल वैदेशिक व्यापारमा भारतसंगको निर्यात अंश घट्दै गएर १९९०/९१ मा २१.० प्रतिशत र आयात अंश ३१.५ प्रतिशतमा आइपुगेको थियो । तर सन् १९९६ मा भएको सन्धि नवीकरण पछि भारतसंगको व्यापारको अंशमा पुनःवृद्धि हुन थालेको देखिन्छ । आ.व.१९९८/९९ को कुल वैदेशिक व्यापार मध्य भारतमा निर्यात रु.१२५३.८ करोड (३५.१ प्रतिशत) र भारतबाट आयात रु. ३२१२.० करोड (३५.४ प्रतिशत) हुनुले उक्त वृद्धि तर्फको प्रवृत्ति दर्शाउछ । त्यसरी नै २००३/०४मा भारतमा निर्यात रु.३०७७.७ करोड (५७.६ प्रतिशत) र भारतबाट आयात रु.७८७४.० करोड (५७.८ प्रतिशत);२००९/१० मा भारतमा निर्यात रु.३९९९.४ करोड (७४.४ प्रतिशत) र भारतबाट आयात रु.२१७११.४ करोड (५४.७ प्रतिशत) र, २०१५/१६ भारतमा निर्यात रु. ३९४९.४ करोड (५६.३ प्रतिशत) र भारतबाट आयात रु.४७७२१.३ करोड (६१.७ प्रतिशत) देखिन्छ, जसले भरतीय प्रभुत्वलाई देखाउँदछ । झट्ट हेर्दा नेपालको व्यापार विविधिकरणवाट भारततर्फको निर्भरता कम हुँदै गएको देखाइएता पनि वास्तविकरूपमा नेपालले भारतमा गर्ने निर्यातको परिमाण निरन्तर घट्ने र भारतबाट गरिने आयातको परिमाण भने निरन्तर वृद्धि हुने गरेको छ । यसले गर्दा नेपालको भारतसंगको व्यापार सन्तुलन झन-झन विपक्षमा गएको देखिन्छ । सन् १९५६/५७ मा नेपाललाई वैदेशिक व्यापार घाटा रु.७.४४ करोड थियो भने त्यो बढेर सन् १९७०/७१ मा रु.२९.८५ करोड, सन् १९८०/८१ मा रु.२८१.९५ करोड, सन् १९९०/९१ मा रु. १५८३.९० करोड र सन् १९९८/९९ मा रु. ५१८४.९० करोड पुग्न गएको देखिन्छ । सन् १९९८/९९ मा भारतसंग मात्रै (त.नं.-२) रु. १९५८.९० करोड (३७.८ प्रतिशत) व्यापार घाटा रहेको थियो भने २०१५/१६मा रु.४३७७१.० करोड (६२.२ प्रतिशत) रहेको छ । यसरी अहिले पनि कुल व्यापारको ६२.२ प्रतिशत भारतसंग घाटा रहनु भनेको नेपालमाथि भारतको प्रभुत्व कति मजबुत रहेको छ भन्ने प्रमाण हो ।भारतसंगको व्यापारमा यस्तो स्थिति रहनुको मूलकारण भारतद्धारा थोपरिएको असमान सन्धिहरू र नेपालको परनिर्भरताको गलत नीति जिम्मेवार रहेकाछन् ।

५) **नेपाल–भारत व्यापार संरचना**

नेपालबाट भारतमा निकासी हुने बस्तुहरूको मूलतः परम्परागत रूपमा रही आएको खाद्यान्न, अप्रशोधित तथा अखाद्य बस्तुहरू, पशु र वनस्पतिका उद्भीजहरू नै अद्यापी रहेका छन् जवकी भारतबाट आयात हुने वस्तुहरूको प्रकृति, मूलतः तयारी बस्तु तथा मेशिनरीहरू रहेका छन् ।

नेपाल भारत र नेपालका वीचमा रहेको आर्थिक विकासका असमानताका कारण नेपालले भारतबाट असमान विनिमय वेहोर्नु परेको उक्त तालिकाले देखाएको छ जसमा नेपालले परम्परागत रूपमा भारततर्फ निकासी गर्दै आएको खाद्यन्न, पिना, अलैची, दाल, जंगली पैदावार जस्ता कृषि पैदावार र प्राथमिक

**नेपाल भारत ब्यापार संरचना** (रु.करेडमा)

तालिका. नं. ३

| विवरण | नेपालबाट भारत निर्यात भएका प्रमुख बस्तुहरू (रु.करेडमा) | | | भारतबाट नेपाल आयात प्रमुख बस्तुहरू (रु. करोडमा) | | |
|---|---|---|---|---|---|---|
| | २००५/०६ | २०१०/११ | २०१५/१६ | २००५/०६ | २०१०/११ | २०१५/१६ |
| खाद्यान्न र जीवजन्तु | १४७.८ | ४१.४ | १०.५ १०३.६ | २०९.७ | ७७२.६ | |
| सुर्ती र पेय पदार्थ | | | | १७१.९ | २८४.६ | ७४५.२ |
| अप्रशोधित पदार्थ र अखाद्य बस्तुहरू | ३१०.२ | ६४३.० | ९७१.८५७२.० | ६८९.५ | १६३६.४ | |
| खनिज, इन्धन र चिल्लो पदार्थ | ११.३ | ७.७ | ६.३ ३६०८.८ | ७९४५.४ | ७७२९.७ | |
| पशु तथा बनस्पति तेल र बोसो | | ३२.२ | १३.८ | | | |
| रसायनिक तथा औषधि | २३४.९ | १४४.४ | ५०७.३ | ७६५.८ | १६००.५ | २४१०.२ |
| वर्गीकृत तयारी बस्तु | १७५०.२ | १९६९.८ | १५८४.७ | २७१५.४ | ७९०७.८ | १५५२२.० |
| अन्य | १५०५.८ | १३१५.१ | ७०३.१३६४९.७ | ७५५५.१ | १०९९१४.९ | |
| जम्मा | ४०७१.५ | ४३३६.० | ३९४९.४ | ११५८७.२ | २६१९२.५ | ४९१६५५.८ |

*श्रोत : आर्थिक सर्वेक्षण २०७३/०७४*

बस्तुहरूको नै प्रमुखता देखिन्छ । हालै केही तयारी वस्तुहरूको निर्यात बढे पनि त्यसको मात्रा धैरै कम देखिन्छ भने भारतबाट खाद्यान्न, तरकारी, फलफूलदेखि लिएर किताब, औंषधि, यन्त्र र औजारहरू जस्ता औद्योगिक वस्तुहरू भारी मात्रामा आयात भएको देखिन्छ । यो दुई देश वीचको असमान विकासको द्योतक बाहेक अरु के हुन सक्तछ ? भारत अब प्राथमिक बस्तु निर्यात गर्ने देशको रूपमा नभई तयारी बस्तु निर्यात गर्ने मुलुक भईसकेको छ, जवकी नेपाल भने अझै अर्ध-सामन्ती तथा अर्ध-औंपनिवेशिक अबस्थामै रहेको छ । नेपालको यसै आर्थिक स्थितिले गर्दा प्राथमिक बस्तु (Primary goods) निर्यात गर्ने नेपाल र तयारी बस्तु निर्यात गर्ने (Finished goods) भारतका वीच ब्यापार हुँदा नेपालको विपक्षमा "ब्यापार सन्तुलन" जानु स्वभाविक देखिन्छ । यसरी नेपालको terms of trade को सामान्य अध्ययनबाट पनि थाहा हुन्छ कि नेपाल-भारत बीचको व्यापार तुलनात्मकरूपमा अल्पविकसित र विकसित अर्थतन्त्रको बीचको असमान बिनिमय स्थिति हो ।

६. **उपसंहार**

नेपालको व्यापारको कुरासंग मुलुकको आर्थिक संरचनाको सवाल पनि जोडिएको छ । नेपाल अहिले पनि भारतको एकाधिकार पुँजीको प्रभुत्व झेलिरहेको स्थितिमा नै रहेको छ । यो सामाजिक आर्थिक संरचनालाई प्रगतीशील ढंगबाट रूपान्तरण नगरी नेपालको आत्मनिर्भर अर्थतन्त्रको विकास हुन सक्तैन । नेपाल र भारत बीच असमान व्यापार विनिमय हुनका पछाडि अर्थात त्यसलाई मूर्तरूप दिने काम नेपाल-भारत बीच भएका विभिन्न राजनैतिक एवं व्यापारिक असमान सन्धिहरूले गरेका छन् । तसर्थ दुई देशबीच भएका असमान सन्धि संझौंताहरूलाई खारेज गरी पञ्चशीलको आधारमा सम्बन्ध विकास गर्ने, सीमा व्यवस्थितगर्ने, व्यापारमा पनि अन्तराट्रिय मापदण्ड अपनाउने, आदि कार्यद्धारामात्र वर्तमान स्थितिमा परिवर्तन हुन सक्तछ । तर यस प्रकारको आर्थिक संरचना बदल्न राजनैतिक प्रतिवद्धताको जरुरत पर्दछ । तसर्थ प्रगतिशील रूपान्तरण गर्ने राजनीति विना नेपालको पराश्रित अवस्था र असमान ब्यापार स्थिति समाप्त हुन सक्ने छैन, र वर्तमान उत्पादन ढाँचा पनि बदलिन सक्ने छैन । नेपालको विद्यमान राजनीतिक-आर्थिक संरचना नवदलिकन भारतसंग मात्र हाईन कि अन्य मुलुकहरूसंगको व्यापारको वर्तमान स्थिति पनि नवदलिने निर्विवाद छ ।

*नोट : लेखकको (नेपालको अर्थराजनीति) भन्ने नयाँ पुस्तकबाट साभार ।*

## रूसी कथा

# जुलुस: अलेक्जेन्डर सेराफिमोविच

*(अलेक्जेण्डर सेराफिमोविच (१८६३-१९४९) रुसी आख्यान साहित्यका लोकप्रिय स्रष्टा मानिन्छन् । पिटर्सवर्ग विश्वविद्यालयमा पढ्दा यिनी लेनिनका दाइ अलेक्जेण्डर उल्यानोवका सहपाठी थिए । क्रान्तिकारी गतिविधिमा लागेबापत यिनी मेजेनमा निर्वासित गरिए । त्यहाँ वामपन्थी राजनीतिज्ञहरूको सरसङ्गतमा परेर तिनबाट प्रभावित भई मार्क्सवादतिर लहसिए । १८८९ देखि लेख्न थालेका यिनको उपन्यासहरू फलामे बाढी (द आइरन फ्लड,१९२४) र बालुवा( सैण्ड,१९५६)ले यिनलाई रुसी जनतामाझ निकै लोकप्रिय बनायो । १९१७मा यिनले बोल्सेभिक पार्टीको सदस्यता लिए । यिनी अर्डर अफ लेनिन (१९३३) र स्तालिन पुरस्कार(१९४३)बाट सम्मानित गरिएका थिए । प्रस्तुतकथा कथाकार इस्मालीद्वारा सम्पादित युरेसियाका कथाबाट साभार गरिएको हो ।)*

काला पोसाक पहिरिएका र कुममा कुम जोड्दै हिँडिरहेका मानिसहरूको झुण्ड सहरको केन्द्रबाट गइरहेको थियो । तिनका हात-हातमा झण्डा थियो । रातो झण्डा । तिनीहरूकै साथीहरूको रगतले रङ्गिएको रातो झण्डा । मार्च गर्दैगरेका यी मानव लस्करहरूको असङ्ख्य कण्ठबाट निस्किरहेको एकीकृत स्वरहरूले वरिपरिका तमाम विशालकाय भवनहरूलाई थर्थर थर्काउँथे - मजदूर वर्ग ! यी शब्दहरूमा जति स्वाभिमान थियो ,त्यति नै नौलोपन पनि । यी शब्द निर्द्वन्द्व हुँदै ती काला बगालहरूको शिरमाथिको व्योममा तरेली खेल्दैथे ,जसको न त सिरानको न त पुछारकै कतै अत्तोपत्तो थियो ।

छानो भएको टोप ,घाँटी छोपिने ज्याकेट र काला ओभरकोट पहिरिएका यी मानिसहरू अघि बढ्दै थिए , अघि, झन अघि । यीमध्ये केही यस्ता नवयुवक पनि थिए , जसको हँसिलो सुकुमार अनुहारमा कहिल्यै पसिना नि आएको थिएन भने कतिपय मानिसहरू यस्ता थिए जसले उमेरको लामो चौतारी बिसाइसकेथे ; जसका अनुहारमा समयको चड्कनले र अनुभवले समुद्रको झैं गम्भिरता थोपरिदिएको थिए , मानौं ती अझ पनि विचारको समुद्रमा रुमल्लिएका होऊन । सायद , दासताको पुरानो संस्कारका विरुद्ध नयाँ धारणाहरूले उत्पन्न गरिदिएको द्वन्द्वले उनीहरूको मस्तिष्कमा खैलाबैला मच्चिएको थियो । नयाँधारणहरू जुन सबै कुराको, जसमा ती अभ्यस्त भइसकेका थिए , बिल्कुल विपरीत थिए ।

झण्डा फहराउँदै बगालपछि बगाल आउँदै थियो र हावाको तरङ्गमा तरेली खेल्दै थियो तिनको सामूहिक समवेत स्वर - “हामीलाई चाहिँदैन सुनको गड्डी ।” स्वरमा स्वर थपिँदै गयो । बोलीमा बोली जोडिँदै गयो । हुँदा -हुँदै सडक ,चोक र गल्लीहरूमा यो गीत गुञ्जिन लाग्यो । सहरै थर्कमान भएझैं लाग्यो र गीत विशृङ्खलित जिन्दगीको छटपटी र अत्यासहरूमा संवेदना बनेर चारैतिर छरियो र एउटा नयाँ शक्तिको रूप लिन थाल्यो । यो शान्तिगीत रचनाका रूपमा होइन ,बरू त्यो जनसमुद्रको आँधीमय विचारहरूमा प्रकट भइरहेथ्यो , जसले आफूलाई मान्छेका रूपमा चिन्न थालेथे ।

“साथीहरू ..! ” बोल्ने मान्छे अडियो । चारैतिर श्मसानजन्य चकमन्नता व्याप्त भयो । उसले जडवत् काला जनसमुद्र उपर एक दृष्टि दौडायो र पर कतै मार्च गर्दै गरेकाहरूको पदचाप सुन्यो अनि उसले हात उठायो हावामा , र हल्लाउँदै दृढ स्वरमा बोल्न थाल्यो, “साथीहरू , हाम्रो शक्ति जुन अहिले देखिएको छ त्यो सङ्ख्याका कारणले होइन । हामी अघि बढिरहेछौं र हामीसँग हतियार समेत छैन । हामी अगाडि बढिरहेछौं । निहत्था हामीसँग केही छ भने काम गर्दा-गर्दा हाम्रा हातमा परेका ठेला । एकै दर्जन सशस्त्र मान्छे आउँदा नि हाम्रो रगतको खोलो बग्छ यही सडकमा । तर पनि हाम्रा शत्रुहरू हामीलाई आतङ्कित र त्रस्त दृष्टिले हेर्दै छन् , किन ? किन डराउँछन् ती हामी निहत्थासँग ? ”

“हाम्रा शत्रु हाम्रा हातले डराएका होइनन । ती त हाम्रा हृदयदेखि डराएका हुन । ती जागृतिदेखि , चेतनादेखि डराउँछन । ती हाम्रा मनको तृष्णा र हृदयको चाहनासँग डराउँछन । तिनीहरू चाहन्छन - हाम्रो तृष्णा र त्यो पनि मुक्तिको चाहना कहिल्यै तृप्त नहोस । हामीमा चेतना आइसकेको छ । यस्तो चेतना , जस्तो पहाडका सतहमा देखिएको धाँजा । हामीले त्यो धाँजा चिनिसकेकाछौं ,जसले हामीलाई दास बनाइराखेको छ । हामी तमाम दासहरू , कमाराहरू त्यस धाँजाको एकातिर एकत्रित छौं र हामीलाई कमारा बनाउनेहरू अर्कातिर अर्थात् पारिपट्टि । हामी दुवै थरीलाई थाहा छ, अब सम्झौताको कुनै बाटो छैन । यसैले गर्दा हाम्रा शत्रु हामीसँग अत्तालिन्छन् , डराउँछन् हामीदेखि । मनुष्यमाथि मनुष्यको हुकुमी सर्पको फणालाई हामीले अनिवार्यतः कुल्चिनुपर्दछ । ”

कमारा बनाउनेहरू र कमाराहरूको निरन्तर सङ्घर्षको चर्चा तिनले यसभन्दा अघिपनि कतिपय पटक सुनिसकेका थिए तर पनि उनीहरू फेरि त्यही कुरा बडो चाख मानेर सुनिरहेका थिए , किनभने शब्दहरूमा नयाँपन थियो, जस्तो कि बैंसमा प्यार नौलो लाग्दछ । नयाँपनको पनि आफ्नो सौन्दर्य थियो र त्यो सौन्दर्यमा पनि पवित्रता थियो जसरी मानवताका लागि जुन कुरा पुरानो छ त्यही कुरा मानिसका लागि नयाँ हुन्छ ।

एकपटक फेरि कालो जनप्रवाह घरहरूको जडपङ्क्तिका वीचबाट अघि बढ्दै थियो । झण्डाहरूको गाढा रातो धब्बा चमचमाउन लाग्यो र जनसमुद्रमाथिको व्योममा गीतको स्वर गुञ्जिन थाल्यो ।

“सुनका गड्डी चाहिन्न हामीलाई .....”

परको मट्याइलो सडक तुवाँलोमा बेरिएझैं लागिरहेथ्यो -सुनसान सागरको बलौटे किनारझैं निर्जन, सम्म -समथर, जसमाथि एउटा जलपक्षी कावा खाइरहन्छ । मानिसहरूले शिर उठाए । उनीहरूको नाक र आँखिभौं फर्फराइरहेथ्यो र निधार तन्केको थियो ।

मट्याइलो बलौटे तटको आकार बढ्दै गयो । जुन कुरा यतिञ्जेल उदास र मन नलाग्नेजस्तो लागिरहेथ्यो , त्यही अब भयावह भइदियो । बल्ल थाहा भयो , त्यो त सागर तट होइन , जनसमुद्र पो थियो , सारा एउटैजस्तो थियो -जड र मौन । मानौं शताव्दियौंदेखि लेऊ-काईले ढाकिएर चट्टानहरूका बीचमा मिल्केको कुनै ढुङ्गा होस, खिइँदै चोइटिदै मिल्केको । तिनका निस्तेज आँखाहरू बढ्दै गएको भीडमा केन्द्रित थिए ।

अफिसरको आदेश पाउनासाथै बिगुल बजाउनेले बिगुल बजायो । सङ्गिनहरू एकैसाथ चमचमाउँदै हावामा तरङ्गित भए, हातहरूमा सँधिएर बसे र तिनका टुप्पाहरू हान्निदै आउँदै गरेको जिउँदो-जाग्दो जनसागरतिर सोझिए । राइफलहरूका मुख मानिसहरूतिर सोझिए ।

चारैतिर स्तब्ध भयो तर छिनभरका लागि मात्रै । अचानक वातावरणको यो तनाव टुट्यो र मृत्युका मुखमा उभिएका हजारौं जवान र वृद्धहरूको स्वर एकैसाथ सुनियो -

“हामी भयौं सहिद भाग्यको लडाईंमा
हामी भयौं सहिद .....।”

यो मृत्यु अभियान गीत बिदाको सन्देश थियो- धमिला आकाशका लागि, रगतको लालिमाजस्तो रातो सूर्यका लागि र सास रोकेर उभिएकोझैं लाग्ने त्यस नगरका लागि । जुलुसमा सम्मिलित तमाम मानिसहरू गाउँदै अघि बढेपछि छेउछाउमा, पेटी-सडकमा र गल्लीमा एकत्रित हजारौं मानिसहरूले तिनको सम्मानमा आफ्ना टोप फुकालेर हातमा लिए ।

“जनताका लागि मनमा प्यार लिई हामी भयौं सहिद....

हाम्रो यो बलिदान श्रमिकहरूका लागि , हामी भयौं सहिद. ।”

मृत्यु अभियानमा निक्लेको जुलुस र खैरो बर्दी पहिरेका मानिसहरूका बीचको दूरी घट्दै जाँदै थियो । निखिँदै गएको जीवन र नजिकिँदै गएको मृत्युका बीचको दूरी खुम्चिँदै थियो ।

“आगोझैं भर्भराउँदा शब्दमा लेख्नेछौं गाथा ,
हामी भयौं सहिद ...। ”

हजारौं मानिसहरू यो मृत्युञ्जयी गीत गाउँदै थिए र सडकहरूमा , विशालकाय भवनहरूका सेता भित्ताहरूमा शोकको प्रतीकझैं काला झण्डाहरू फहराइरहेका थिए ।

अधिकृतले आफ्ना पौरखी अभ्यस्त नजरले घट्दै गएको मृत्युको दूरीको अनुमान लगायो र हातमा समाइराखेको तरबार माथि उठायो । उसको तरबार घामको टहकमा विजुलीझैं चम्क्यो । त्यसैबेला उसका ओठ चलमलाए र उसले फायरको आदेश दियो ।

“बिदा साथीहरू , शुभबिदा भाइहरू ....” भन्दै बढ्दै गएको जीवित लहरहरूले मृत्युको दूरीलाई हटाउन मेटाउन थाले । सङ्गिनहरू छचल्किएको पानीझैं जमिनमा खस्दै थिए र पहिलेदेखि हतासिएका-अत्तालिएका तर अबचाहिँ प्रसन्नचित्त हाँसो अधरमा सजाउँदै फौजीहरू जनप्रवाहमा मिसिँदै थिए । तिनको अनुहार पहेँलिएको तर यौवनले भरिपूर्ण थियो । चल्दोफिर्दो कालो रङ्ग त्यो अनन्तजनको बाढीमा खैरौ मोर्चा त्यसरी नै बिलायो , जसरी गुड्दै गएको धारिलो चट्टान समुद्री किनारतर्फ उठ्दै गरेको छालमा समाविष्ट हुन्छ ।

अधिकृतले आफ्नो जड तरवारलाई तल झुकायो र अर्कातिर फर्कियो । मेसिनगनहरू मूर्खझैं त्यहीं ठडिइरहे । लाखौं जनहरू मृत्युको गीत गाउँदै सडकमा मार्च गर्दै अघि बढ्दा त चिहानहरूको जडता र मृत्युको गीतले एउटा नयाँ जीवन प्रस्फुटित भयो । यो जीवन शक्ति र विजयको प्रतीक थियो । नयाँ जीवन सुनौलो घामझैं हजारौं मानिसका अनुहारमा क्रान्ति बनेर फक्रेको थियो । सडकका पेटीमा एकत्रित खचाखच भीड घोक्रो सुकाई -सुकाई मार्च गर्दै गरेकाहरूलाई बधाई दिँदै थियो र तिनको अभिनन्दन गर्दै थियो ।

*(अनुवादःइस्माली)*

## एमसीसीको नाममा नेपाललाई रणभूमि बनाउन पाइदैनः *क्रान्तिकारी माओवादी*



नवलपरासी । नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्युरो सदस्य एवम् प्रदेश नं. ४ का इनचार्ज चन्द्रहरि सुवेदी हटलले एमसीसीको नाममा नेपाललाई युद्ध भूमि बनाउन नपाइने बताएका छन् ।

शुक्रबार नवलपुरका कावासोतीमा भएको राष्ट्रिय स्वाधिनताको रक्षार्थ आयोजना गरिएको अभियानको कोण सभालाई सम्बोद्धन गर्दै उनले यस्तो बताएका हुन् । उनले अमेरिकाले चिनलाई घर्ने निति अन्तरगत नेपालमा एमसीसी सम्झौताको नाममा ठूलो रकमको लोभ देखाएर अमेरिकी सेना ल्याउने योजना अगाडि सारेको बताए । कावासोतीमा भएको कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल नवलपुरका अध्यक्ष पिताम्बर तिवारीले पनि बोलेका थिए । कार्यक्रमको सञ्चालन नेकपा क्रान्तिकारी माओवादी कावासोती नगर इन्चार्ज बाबुराम पोखेलले गरेका थिए ।

त्यसैगरी शुक्रबार नै देवचुलीको सिजी चोक र गैडाकोटको गैडाकोटमा पनि कोण सभा गरिएको थियो । सिजी चोकमा भएको कोण सभामा बोल्दै नेकपा क्रान्तिकारी माओवादी प्रदेश चारका सेक्रेटरी केशबहादुर परियारले सरकारले भारतीय पक्षले अतिक्रमण गरेर बसेको भूमिबाट भारतीय सेना फिर्ता गराउनका लागि कसैले पहल गर्न नसकेको बताए । सिजी चोकमा भएको कार्यक्रमको सञ्चालन युवराज वाग्लेले गरेका थिए भने काशी काफ्लेको अध्यक्षतामा भएको थियो । त्यसैगरी शनिबार हुप्सेकोटको झ्यालबास, मध्यविन्दुको चोरमारा, सर्दी र त्रिवेणीमा कोण सभा गर्ने जनाएको छ ।

## क्रान्तिकारी...

सेक्रेटरी प्रवेशले खादा लगाएर अभिनन्दन गरेका थिए । सो क्रममा पार्टी केस तथा काठमाडौं जिल्ला इन्चार्ज शारदा महत, जिल्ला सेक्रेटरी खगेन्द्र छन्त्याल लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

अभियानकै क्रममा शहिद सप्ताहको अवसर पारेर शहिद तथा बेपत्ता योद्दा परिवार भेटघाट तथा सम्मानलाई जारी राख्दै १५ गते चन्द्रागिरीमा वेपत्ता योद्दा मिना श्रेष्ठको परिवारसँग भेटघाट तथा सम्मान कार्यक्रम सम्पन्न गरियो ।

त्यसैगरी १६ गते चन्द्रागिरीका वेपत्ता योद्धाहरू दिनेश लामिछाने, निश्चल नकर्मी, महरी रूपाखेती, सुचिन्द्र र हरीचन्द्र महर्जनका परिवारजनसँग भेटघाट, अन्तर्क्रिया तथा सम्मान कार्यक्रम सम्पन्न गरिएको सेक्रेटरी खगेन्द्र छन्त्यालले बताए ।

सहिद तथा वेपत्ता योद्धा परिवारसँग भेटघाट तथा सम्मानका साथै अभियान टोलीले नगरपालिका र वडा कार्यालयमा भएका नक्कली नक्साहरूको पनि अनुगमन गरेको छ । नक्कली नक्सा हटाई लिम्पियाधुरासहितको वास्तविक नेपालको नक्सा प्रयोगका निम्ति जनप्रतिनिधिहरूसँग छलफल समेत गरियो । अभियान टोलीले कोणसभा समेत सम्पन्न गरेको छ ।

अभियानको क्रममा भएका कोणसभालाई प्रायः पार्टी केस तथा जिल्ला इन्चार्ज शारदा महत, सेक्रेटरी छन्त्याल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका जिल्ला अध्यक्ष बन्धुदेव पाण्डे, क्रान्तिकारी युवा लिगका नेता सुरेश तामाङ, अनमसंघ (क्रान्तिकारी)की नेतृ रूपा गेलाल, अखिल (क्रान्तिकारी)की नेतृ शिलु न्यौपाने लगायतले सम्बोधन गरेको बताइएको छ ।

यसअघि अभियान टोलीले कीर्तिपुरको पांगा र पांगो दोबाटोमा पनि कोणसभा सम्पन्न गरेको थियो र नक्कली नक्साको अनुगमन गरेको थियो । फर्पिङमा भने अभियान टोलीले नक्कली नक्सा जलाएको थियो ।

## अखिल...

सञ्चालन महासचिव पेशल दाहालले गरेका थिए ।

संगठनले शनिबार जिल्लाका तहका नेताहरूको सहभागितामा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । प्रदर्शनीमार्ग स्थित बालमिकी क्याम्पसमा भएको प्रशिक्षण कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीपी गजुरेल, संगठनका अध्यक्षाले प्रशिक्षण दिएका थिए ।

संगठनले आइतबार माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको छ । पेट्रोलियम पदार्थमा सरकारले गरेको १० रूपैयाँ करिवृद्धिको विरोधमा संगठनले विरोध प्रदर्शन गरेको हो । विरोध प्रदर्शनसहित आयोजना गरिएको कोणसभालाई संगठनका अध्यक्ष गजुरेल र उपाध्यक्ष शिलु न्यौपानेले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव पेशल दाहालले गरेका थिए । प्रदर्शनमा क्रान्तिकारी विद्यार्थीहरूले सीमा अतिक्रमण, एमसीसी र पेट्रोलियम करवृद्धि तथा भ्रष्टाचारको विरुद्धमा चर्का नाराबाजी समेत गरेका थिए ।

## एमसीसीको...

राष्ट्रवादी बुद्धिजीवी, पत्रकार तथा स्वतन्त्र व्यक्तिहरूसित सहकार्यात्मक अन्तर्क्रिया गरेको थियो ।

सबै वक्ताहरूले ‘यो देशभक्तिपूण आन्दोलन हो, यसमा आउने सबै देशभक्त स्वाभिमानी व्यक्तिहरू र उनीहरूद्धारा संगठित संघ संस्थाहरू सबैलाई गोलवन्द गरेर देशमा एउटा देशभक्तिपूर्ण आन्दोलनको आँधीबेहरी सिर्जनाको आवश्यकता छ’ भन्नेमा जोड दिएका थिए ।

उक्त कार्यक्रम को अध्यक्षता देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सिपी गजुरेलद्वारा गरिएको थियो । उक्त अन्तरक्रियात्मक कार्यक्रममा अध्यक्षको रूपमा कार्यक्रमलाई सुरुवात गर्दै उनले भने ‘नेपाल अहिले जटिल अवस्थामा गुज्रीरहेको छ र अहिले दुईवटा जटिलता छन्– प्रथम भारतले आफ्नो विस्तारवादी नीतिकायम राख्दै नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुराको अतिक्रमण गरेको छ, सेना राखेको छ आफ्नो नक्सामा यी भूभाग गाभेर नक्सा प्रकाशित गरेको छ । अर्को अमेरिकाले पेन्टागनले तयार पारेको परियोजनालाई नेपालको संसदवाट पास गर्ने र नेपाललाई फेरी एक पटक अफगानिस्तान, इराक बनाउन खोज्दै छ । यसरी नेपालको राष्ट्रिय स्वाधिनताको र सार्वभौमिताको रक्षा अहिले केन्द्रीय प्रश्न भएको छ । विचार मिल्नेहरूका बीचमा मोर्चा बनाएर थप्दै जाने र आ–आफना ठाउँबाट यो विषयलाई अगाडि बढाउने र आपसमा एकतावद्ध भएर जाने र सशक्त बनाउने हो । यो घडीमा हाम्रा बिचका मतभेद र भिन्नतालाई अगाडि नराखी मूल मुद्दालाई लिएर एकताबद्ध बनौ ।’

यसलाई जोड दिँदै उनले भने– ‘ गत ११ गते बसेको बैठकले अब १० दलमात्रै नबडौ सबैलाई एकतावद्ध गरेर जाऔ भन्ने स्प्रीटले यो अन्तरक्रिया आयोजना गरिएको हो । र साथै संघर्षको रूप परम्परागतबाट माथि उठेर नयाँ रूपमा सोचौ भन्ने पनि हो । एकताको दायरालाई फराकिलो पार्दै संघर्षको रूपेलाई पनि बदल्दै अगाडि जान जरुरी छ ।’

उक्त कार्यक्रममा पुष्पलाल अध्ययन समाजका अध्यक्ष लोककृष्ण भट्टराईले जोड दिए- एमसीसी संशोधन होइन खारेज नै गर्न पर्छ । यो सरकारले तुरुन्त नेपालको वास्तविक र सही नक्सा प्काशित गर्नुपर्छ । आलटाल गरेर होइन । तीन करोड नेपालीको एउटै मुद्दा हो । प्रगतिशील जागरण अभियानका रविन्द्र श्रेष्ठले ५५ अर्ब चहिदैन, त्यसमा देश बेच्न पाइदैन एमसीसी खारेज गर्नै पर्छ र तपाईं दलहरू अगाडि आउनुस्, हामी त्यसमा सक्रियातापूर्वक सहभागी रहने छौ’ प्रतिवद्धता व्यक्त गरे ।

बरिष्ठ पत्रकार भैरव रिसालले म ९२ वर्षको मान्छे शरीरले नदिए पनि यो देशभक्तिपूण आन्दोलनमा मेरा भाका यहाँहरूको आन्दोलनको पछिपछि छ । २०१८ सालको जनगणना मैले गराएको हो अतिक्रमित भूमिमा र अहिलेको अवस्था आउनमा नेपालको अनुपस्थिति मूल कुरा हो । खाली ठाउँ भर्ने भारतले सेना लिएर अहिले आएको होइन । विगतलाई सम्झदै उनले भने मैले कृतिनीधि विस्ट जसले नेपालको उत्तरी सिमानाबाट १८वटा चेकपोक्ष्ट हटाएर महान कार्य गरेका थिए । उनलाइ मैले सोधेको थिए तपाइले किन कालापानीबाट भारतीय सेना हटाउनु भएन । उत्तरमा उनले महेन्द्रले तत्काल भारत चीन सित हारेको छ, अहिले नै भन्दा चीनको पक्ष लिएको भन्ने हुन्छ, कृेही समय आँखा चिम्लेको भनेका थिए र त्यही नै अहिलेको समस्या भयो । टिंकर समम जाने १४० किमिको वाटो १२ वर्षमा ११वटा सरकार बने तर त्यसवारे खासै प्रगति भएको छैन उनले भने ।

अहिले भारतले त्यहाँका जनतालाई सबै खाले सुविधा दिएको छ तर नेपाल सरकारले एक मुठी चामल पनि दिन सकेको छै न । हाम्रो आफुनो भूमिमा सुरक्षा चौकी मात्रै भएपनि यो हालत हुने थिएन । प्रथम नक्सा निकाल्ने, दोस्रो त्यो क्षेत्रमा आफनो उपस्थिति जनाउने । म नेपाली भएको नाताले मेरो भूमि कति हो भनेर सोध्ने अधिकार मलाइ छ कागजको नक्सा र भूमि दुवै चाहिन्छ । एमसीसीवारे उनले भने यो नेपालको संविधान र कानुन भन्दा माथि छ, न्युवोर्कको कानुन लागु हुन्छ । झलनाथ खनाल नेतृत्वको समितिले समेत यसो भनेको छ । पितापूर्खाले यो देशलाइ बचाएर ल्याए, त्यसपछिको काम हाम्रो हाम्रा सन्ततीलाई एउटा सार्वभौम स्वतन्त्र देश नेपाल हस्तान्तरण गर्ने । उनले सुझाव दिए कि यसलाई निभ्न नदिनुहोस, सेलाउन नदिनुहोस, उजागर पारिराख्नुस लेखेर बोलेर जे गरेर भएपनि यसलाई निरन्तरता दिनुहोस । उनले थपे ।

उक्त कार्यक्रममा कर्णाली बचाउ अभियानका अभियन्ता भरत शाही, वामपन्थी नेता घनश्याम पौडेल, प्रलेसका उपमहासचिव आरसि न्यौपाने, नेकपा मालेका पिविएम कृष्ण राना, नेपाल सर्वहारा माओवादी पार्टी अध्यक्ष भावना विद्रोही, एमसीसी खारेज अभियानका संयोजक नारायण शर्मा र नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरीले पनि आ–आफना भनाइहरू प्रस्तुत गरेका थिए ।

अन्त्यमा सभाका अध्यक्षको रूपमा सीपी गजुरेलले यो अन्तरक्रियाले के स्पष्ट पारेको छ भने हामी एकतावद्ध भएका छौ भन्ने स्पष्ट भयो । जति पनि वक्ताले मत राख्नु भयो, यो शक्तिले अब हामी नेपाली जनतालाई एकताबद्ध राख्नेमा विश्वास भएको छ । आगामी कार्यक्रम यहि फागुन २६ गते सांसदहरूलाइ संसद भवन प्रवेश गर्न दिन हुन्न हामीले प्रत्येक सांसदलाई चिठीपत्र पठाइ सकेका छौं । हातहातमा पत्र पुगेको छ, खबरदार तपाईंहरूले आफनो हातबाट नेपाललाई इराक र अफगानिस्तान नबनाउनुहोस् । भारतबाट अतिक्रमित फिर्ताका लागि पहल गर्नुहोस् । राष्ट्रघात र जनघातका विरुद्ध तपाईंहरूले जनताको पक्षमा बकपत्र दिनै पर्छ । देशभक्त जनताको शक्तिशाली आगामी आन्दोलनका अगाडि सबै खाले प्रतिक्रियावादीहरू परास्त भएरै छाडने छन् । सबै खालका आन्दोलन भएका छन् । मूल एजेण्डा राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षा नै हो । अन्त्यमा उहाँले जोड दिएका थिए ।

राष्ट्रिय स्वाधीनता र अखण्डताको रक्षा गरौं । भारतद्वारा कब्जा गरिएको नेपाली भूमि फिर्ता गराउन र एम.सी.सी.सम्झौता खारेज गरौं भन्ने मूल नाराका साथ आयोजित सहकार्यात्मक अन्तरक्रिया कार्यक्रमको संचालन राजमोका घनश्याम न्यौपानेले गरेका थिए ।

## एमसीसीको...

वर्तमान दलाल राज्यसत्ता अमेरिकी साम्राज्यवादले पनि जस्ताको तस्तै प्रयोग गर्नसक्ने छैन । यसले नेपाली राष्ट्रवाद, राष्ट्रवादी सोच र राष्ट्रवादी पंक्ति र जनतालाई सैयौंपटक धूलोपीठो पार्न जन्मेदेखिको बल लगाउने छ । को बढी दलाल हुने र कसको नेतृत्वमा एमसीसी पास गर्ने भन्ने कुरामा त उही दलाल ओली-दाहालहरूको एकापसमा जीवनमरणको संघर्ष चल्दै गएको देखिदैछ भने एमसीसी विरोधी राष्ट्रवादी नेपालीहरू मास्नका लागि अमेरिकीहरूसँग मिलेर यी दलालहरूले कुन चाँही निकृष्ट खालको हर्कत र तिकडम गर्न पछि नपर्लान् ?

त्यतिबेला क्रान्तिकारीदेखि राष्ट्रवादी, प्रगतिशील, वामपन्थी र देशभक्त शक्तिहरू साम्राज्यवादी बुटमुनि निर्ममतापूर्वक कुल्चिइने ग्यारेन्टी छ । घातप्रतिघात, देशघात, जनघात र अन्तरघात छाल भैं मडारिदै आउने देखिन्छ । अमेरिका जहाँ पस्छ, त्यहाँ नश्लीय, जातीय, साम्प्रदायिक र क्षेत्रीय आदि अन्तरविरोधलाई त्यहाँका स्थानीय जनता सखाप पार्न दुरुपयोग गर्ने गरेको इतिहास साक्षी छ । अमेरिका इराक पस्छ, इराकमा लडाइँ हुन्छ, अमेरिका अफगानिस्तान पस्छ, अफगानी लडाइँ चल्छ, अमेरिका सिरिया जान्छ, सिरिया बर्बाद पारिदिन्छ । अब अमेरिकाको पाइला नेपालमा पर्दै छ । नेपाल पनि अमेरिकी विध्वंसको छायाँबाट बच्ने देखिदैन ।

हाल नेपालका प्रधानमन्त्रीका रूपमा ओलीले गरेका सारा काम एमसीसीको निर्देशनमा भैरहेको छ । एमाले र माओवादी केन्द्रको गठजोड पनि अमेरिकाले बनाइदिएको थियो, यो दुईतिहाईको सरकार पनि अमेरिकाले नै बनाइदिएको थियो । त्यस वापत् ओलीले एमसीसी पारित गर्न आधारहरू तयार पारे । एमसीसीसम्बद्ध यतिहोल्डिड्सलाई राजधानी काठमाडौंका शिवपुरीजस्ता रणनीतिक तथा सामरिक महत्वका हजारौं रोपनी जग्गा दशकौंका लागि लिजमा दिलाएका छन् । आफूलाई कम्युनिष्ट भनेर नथाक्ने ओली सरकारले अमेरिकाकै निर्देशनमा नेत्रविक्रम चन्द 'विप्लव' महासचिव रहेको नेकपामाथि प्रतिबन्ध लगाएको छ । विदेशी शक्तिका पिट्ठू ओलीलाई माथ गरेर आफ्नै नेतृत्वमा एमसीसी पारित गराउन लालायित दाहालपंक्ति देश र जनताका लागि कति खतरनाक होला ? एमसीसी प्रयोजित सत्ताधारी नेकपाभित्रको कुस्तीबाजीको खुल्ला रहस्य यसैमा निहित छ ।

## जनयुद्धले...

हुनेछन् कि क्रान्तिले तेश्रो विश्वयुद्ध रोक्ने छ कि तेश्रो विश्व युद्धले क्रान्ति जन्माउने छ भन्ने कुरा सत्य साबित हुदैछ ।

जनयुद्ध वर्गसंघर्षको उच्चरूप वलप्रयोगकोरूपमा व्यक्त भयो । धर्ती आकाश हल्लाउने जनयुद्धले साम्राज्यवाद र विस्तारवादले हस्तक्षेप नगरेको भए ८० प्रतिशत भुभाग मुक्त भइसकेको र आधार इलाका बनिसकेको वेला बाँकि बिस प्रतिशत पनि मुक्तहुने थियो । भुगोल भौतिक शक्ति त मापन गरियो तर जनयुद्धको चेतना त मापन गर्न सकिएको छैन । माओवादी जनयुद्ध र आधार इलाकाका तीनवटा विन्दु सिन्धुली, गोर्खा र रुकुम रोल्पालगायतका आम जनतामा जुन चेतना विकसित भएको छ । जनयुद्ध र वलप्रयोगको नाम नलिइकन त्यो चेतना भेटाउन दक्षिणपन्थी नव-संशोधनवादीहरूले पनि सक्तैनन् । दुइहजार अटठाइस सालमा झापामा देखा परेको सानो फिल्को देशैभरि फैलियो भने देशैभरि फैलिएको जनयुद्धको अग्निज्वालाको चेतनाको मापन कसैले गर्न सक्तैन । झापामा उठेको बन्दुक सुरुवातकर्ताले फालेर "आजका मितिदेखि स्क्वाएड र जनमिलिसियाविघटन सम्पूर्णविघटन गरेर शान्तिपुर्ण जन-आन्दोलन गर्ने भनेर अवदेखि हिंसात्मक आन्दोलनको नाम नलिने" भनेर दुइहजार पैतिस साल पौष ११मा बनेको माले र त्यसका अगुवा जनयुद्धको वलमा खडा भएको पुर्व माकेको सहयोग विना वहुमतको सरकारमा पुग्ने थिएनन । जसरी पुर्व मालेले हिंसात्मक आन्दोलनको नाम समेत नलिने ठाउँमा पुग्यो । ठिक त्यहि ठाउँमा पुगेको भुतपुर्व माओवादीहरू अझै त्यहि भाषा बोल्न सक्ने अवस्थामा छैनन । व्यावहारिकरूपमा माओवाद छोडिसकेकाहरू भुतपुर्व माओवादी न जनयुद्ध गल्ती थियो भन्न सक्छन न अब हिंसात्मक आन्दोलन अब उपान्त आवश्यक छैन भन्न सक्छन ? यो जनयुद्धको सैद्धान्तिक विजय हो यद्यपि उनिहरूबाट त्यो सम्भव छैन ।

अहिले दुर दराजका गाउँ खालि छन । पहाडका गैरि खेत र तराइका घोल र ढाप खेत बाँझै छोडेर किसानका छोराछोरी श्रम वेच्न विश्व बजारमा पजनी भएका छन । आमाको काखबाट मध्य पहाडमा दिउसै बाघ र चितुवाले बच्चाहरू खोसेर खाने जङ्गल बनिसकेका छन गाउँहरू । ठुला, मध्य र साना बजार र सहरहरू घना बस्तीकोरूपमा विकास भएका छन । माथिको "राजाको" आडमा गाउँका छोटे राजाहरू जसले ४ मानाको कोदोको १७ हजारव्याज लिन्थे र रातो पृष्ठभुमिको मातृभुमि पत्रिका लिएर हिडेको आरोपमा ६ महिना शान्ति सुरक्षा ऐन लगाएर जेल हाल्थे भागेर सहर पसिसकेका छन । ति भुतपुर्व फटाहाहरू कि सफायामा परे, कि जनतासंग आत्मसमर्पण गरेर गाउमै मिलेर बसेकि भागेर सहर राजधानी, र विदेस पसे । त्यसकारण अब हिजोकोजस्तो जनयुद्ध आवश्यक र सम्भव दुबै छैन । जनताले लडने युद्धलाई जनयुद्ध वा जनविद्रोह भनिन्छ । स्थायी भाववल प्रयोग हो । त्यो सम्भव र आवश्यक दुबै छ । जसरी बास जुधेर होस वा भिरमा गुडेको ढुङ्गा जुधेर चैत्र वैशाखको खडेरीमा आगो उत्पत्ति भयो र डढेलो लाग्यो त्यहादेखि आजसम्म आगोको पोल्ने गुण कहिल्यै नष्ट भएको छैन तर रूप भने परिवर्तन भएर ग्यासबाट आगो बल्ने रूपमा परिवर्तन भइसक्यो । संसारलाई १७ पटक ध्वस्त (खरानी) पार्न सक्ने हतियार थुपारेर बसेका साम्राज्यवादीहरूले जतिसुकै फुर्ति लाएपनि आफु ध्वस्त हुनेगरि कोहि लडदैनन । आजसम्म बनाइएका सबै हतियार मजदुरहरूले बनाएका हुन । आजसम्मको स्पार्टकसदेखिको लडाइमा उत्पीडित, शोषितवर्गले जित्दै आएको छ । एउटा भनाइ छ तेश्रो विश्वयुद्ध कसरी लडिन्छ थाहा छैन तर चौथो विश्वयुद्ध भयो भने खुकरि र ढुङगाले लडिनेछ । भन्ने कुरा सत्य जस्तै छ । मजदुरवर्गको चेतनाले जब उनीहरूको मस्तिष्क भरिनेछ तब ति हतियार साम्राज्यवादी र प्रतिक्रियावादीतिर नै सोभिने छ । "आजका मितिबाट जनयुद्धको अन्त भयो"भनेर दुइहजार त्रिसटठि मार्ग ५ गते प्रचण्ड र गिरिजाले सहि गरेदेखि यता वर्गसंघर्ष भिन्नरूपमा विकास भइरहेको छ । वीरहरूले सामना गर्छन र गद्दारहरूले घुडा टेक्छन । आज साम्राज्यवादको अगाडि घुडा टेकेर किस्तीमा सम्झौता पत्र बुझाउने निमित्तपात्र चन्द्रशेखर उपाध्याय र गजराजभिश्रको नाम कसैले लिदैनन । ७० वर्ष बुढा भक्ति थापा, बेलायती साम्राज्यवादलाई आच्छु आच्छु खेलाउने वलभद्र कुर्वर र गोसाइकुण्डमा गएर प्राण त्याग्ने तर राष्ट्घातीको कलो नखाने अमरसिंह थापाहरू देशभक्त बच्चाबच्चाहरूको जिब्रोमा झुण्डिरहेका छन र मस्तिष्कमा घर जमाएर बसेका छन । नेपाली विशेषता अनुसारको सशस्त्र जनविद्रोह मार्फत अर्थात नर्या ढङगको वलप्रयोग मार्फत नर्याजनवादी क्रान्ति गर्ने नेकपा (क्रान्तिकारी माओवादी) को कार्यदिशा रहिआएको छ । दसवर्षको जनयुद्धले दुरदराजका प्रतिक्रियावादीहरूका छरिएका जराहरू काटिदिएको छ । देसको नक्सा नै बदलिदिएको छ । सामन्त, नोकरशाह र दलालपुंजीवाद मिलेर बनेको प्रतिक्रियावादी राज्यसत्ता बुर्जुवा नै भएपनि गणतन्त्र आएर बनेको सामन्तवादलाई धकेलेर रोल नं ३ मा पुरयाइदिएको छ र साम्राज्यवाद र विस्तारवादका एजेण्ट दलाल पुँजीपतिहरू अग्रिम मोर्चामा आइपुगेका छन । दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवाद मिलेर नर्या समिकरणका साथ प्रतिक्रियावादी सत्ता हाम्रा सामु खडा छ । सामन्तवाद र साम्राज्यवाद दुइ विशाल पहाड नेपाली जनताका शत्रु हुन । साम्राज्यवाद र तिनका पाल्तु कुत्ताहरू नेपाली जनताका अगाडि दुस्मनकोरूपमा खडा छन । तिनलाई पन्छाएपछि मात्र नेपाली जनता र नेपाल देस मुक्त हुने छ । नेपाललाई साम्राज्यवादी सिकुन्जा कस्नेगरि, हिन्दप्रशान्त रणनीतिमा फसाउने योजनाकासाथ, सहयोगको नाममा एम.सी.सी. (सहस्राब्दी चुनौती संस्था) खडा गरेर उदियमान पहिलो अर्थतन्त्रमा विकसित चिनलाई जमिनबाट घेरा हाल्न भारतसंग सहकार्य गर्दै अमेरिका नेपाल प्रवेश गर्दैछ । ७१ ठाउँमा सीमा मिच्दै हालसालै संविधानको ३७० धारा खारेज गरेर लिम्पियाधुरादेखि लिपुलेकसम्मको तीनसय बहत्तर वर्ग किलोमिटर सिमा आफनो नक्सामा पारेर ६० हजार वर्गमाइलभन्दा बढि सिमाना भारतीय विस्तारवादले मिचेको छ । त्यसकारण राष्ट्रिय स्वाधीनतालाई केन्द्रमा राखेर जनजीविका र जनतन्त्रलाईसमेत समेटेर प्रतिक्रियावादी सत्ता र तिनका संचालकविरुद्ध नयाँ ढङगले वर्गसंघर्ष उठाउनु र जनयुद्ध लडनु आजको आवश्यकता हो ।

## कम्युनिस्ट...

साटो पार्टीको प्रथम घोषणा पत्रमा संसोधन गर्न पुग्यो । दोस्रो महाधिवेशन पछि त्यसले अझ विकसित रूपमा धारणा गऱ्यो र तेस्रो महाधिवेशन पछि त यो आफ्नो पराकाष्टमा पुग्न गयो ।"(पुष्पलालका पाँचौ कृति पृ. १७६) । पार्टीले क्रान्तिकारी विचार कार्यक्रम नीतिलाई एक पछि अर्को गर्दै छोड्दै गयो र क्रमशः दक्षिणपन्थी दिशा समात्यो भन्ने कुरा माथि उल्लेखित विषयले देखाउछ । प्रथम महाधिवेशनको नेतृत्वबाट अगाडि बढाईएको दक्षिणपन्थी यात्रा दोस्रो र तेस्रो महाधिवेशनमा आउदा पराकाष्टमा नै पुगेको कुरा पुष्पलालले जुन चर्चा गरेका छन त्यही सहि छ । तर विचारणीय कुरा के छ भने पार्टीमा लामो समय सम्म संसोधनवादका विरुद्ध वैचारिक राजनैतिक हिसावले संघर्ष चल्न सकेन र तेस्रो महाधिवेशन पछि त्यो पुरै विर्सजनको दिशा समात्न पुग्यो ।

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा दक्षिण पन्थी अवसरवादका विरुद्ध संघर्ष गर्ने कुराले भन्दा तात्कालिक लाभहानीलाई हेर्ने प्रवृत्तिले महत्व पाउने गरेका तथ्यहरू इतिहासमा पाइन्छ । नेपाली कम्युनिष्ट आन्दोलनमा लामो समय सम्म संसोधनवादले आन्दोलनलाई आफ्नो नियन्त्रणमा राख्न प्रयत्न गरे पनि त्यसका विरुद्ध कहिले सुसुप्त र कहिले जुझारु प्रकारले संघर्ष चल्दै आएको पाइन्छ ।

## सीमा...

आन्दोलनमा उत्रिएका छन् । नागरिक स्तरमा पनि सीमा बचाउँ अभियान, एमसीसी खारेजी अभियान, राष्ट्रिय जागरण अभियान लगायतका विभिन्न अभियानहरू सञ्चालन भइरहेका छन् । क्रान्तिकारी माओवादीले चैत्र २४ गतेसम्मका लागि देशैभरि राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तारको अभियान सञ्चालन गरिरहेको छ । चैत्र २४ पछियो पार्टीले 'लिम्पियाधुरा जाऔं !' अभियान सञ्चालन गर्ने सार्वजनिक घोषणा गरिसकेको छ । राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाको विषयमा दिनदिनै प्रदर्शन तथा विरोध कार्यक्रमहरू भइरहेका छन् ।

**सीमा अतिक्रमण र एमसीसीका विरुद्ध फराकिलो बन्दै जनमत**

भारतले आफ्नो विस्तारवादी नीति अनुसार नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायत ७२ ठाउँको ६० हजार हेक्टरभन्दा बढी भूमि अतिक्रमण गरेको छ । गएको कार्तिकमा भारतले जारी गरेको राजनीतिक नक्सामा भारतले नेपालको लिम्पियाधुरा, कालापानी, लिपुलेकसहित करिब ४ हजार वर्ग किमी भूमि आफ्नो नक्सामा गाभेको पाइएपछि भारतीय सीमा अतिक्रमणको व्यापक विरोध भइरहेको छ । यससँगै सरकारले संसदबाट पास गर्न लागेको विवादास्पद् एमसीसी (मिलेनियम च्यालेन्ज कम्प्याक्ट) मा नेपालको राष्ट्रिय स्वाधीनतामा गम्भीर संकट उत्पन्न हुने प्रावधानहरू रहेको पाइएपछि एमसीसीको तीव्र विरोध भइरहेको छ । एमसीसी पास भएर लागू गरिए नेपालको अस्तित्व नै समाप्त हुने चेतावनी समेत विज्ञ र राजनीतिक तथा कुटनीतिक विश्लेषकहरूले दिइरहेका छन् । एमसीसी नेपालको भूमि प्रयोग गरेर चीनका विरुद्ध गतिविधि गर्न नेपालमा अमेरिकी सैन्य क्याम्पहरू खडा गर्ने उद्देश्यमा आधारित रहेको भन्दै यसको तीव्र र व्यापक विरोध भइरहेको छ । र, वैदेशिक हस्तक्षेपका विरुद्ध जनमत फराकिलो बन्दै गएको छ ।

**राष्ट्रिय जागरण पैदा गराउँदै अभियानहरू**

भारतले कुन कुन मितिमा, कुन कुन स्थानमा के कति मात्रामा नेपाली भूमि मिच्यो, असमान सन्धिहरू के कसरी गरिए, त्यसबाट नेपालको हितप्रतिकूल काम कसरी भइरहेको छ, नेपालमा कसरी भारतीय एकाधिकार पुँजी हावी भइरहेको छ, नेपालको जल, जंगल र जटिबुटीमा विदेशी एकाधिकार र नेपालको श्रमको विदेश पलायन कसरी भइरहेको छ, र त्यसले नेपालको राष्ट्रिय स्वाधीनतामा के कस्तो असर पार्छ, एमसीसी के हो ? यसका अन्तर्वस्तु के कस्ता छन् र यो कार्यान्वयन गरिए नेपालको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतामा के कस्ता संकटहरू पैदा गर्छन्, नेपालको स्वतन्त्र परराष्ट्र नीतिको अवस्था के हुन्छ ? आदि लगायतका प्रश्नहरूलाई सुक्ष्म रूपमा केलाएर जनताको बीचमा पुगेको क्रान्तिकारी माओवादी लगायत विभिन्न दल तथा संघ संगठनहरूले सञ्चालन गरेका अभियानहरूले जनतामा राष्ट्रिय स्वाधीनतासम्बन्धी ठूलो जागरण पैदा गराइरहेको छ ।

क्रान्तिकारी माओवादी र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बाहेक अन्य दलले काठमाडौंमा केन्द्रीत विरोधका कार्यक्रम गरिरहेका छन् भने क्रान्तिकारी माओवादी र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशैभरि वैदेशिक हस्तक्षेपको विषयलाई अभियानको रूपमा लिएर गएको छ । स्थानीय तहमा प्रयोग भइरहेको नक्कली नक्साको अनुगमन, लिम्पियाधुरासहितको सक्कली नक्साको हस्तान्तरण, सीमा अतिक्रमणको स्थलगत अनुगमन, कोणसभा, चोकसभा, समाजका अगुवा तथा बौद्धिक वर्गसँगको भेटघाट अन्तर्क्रिया, छलफल बहस, विभिन्न गोष्ठी, साँस्कृतिक कार्यक्रमहरूमार्फत् जनतामा राष्ट्रिय स्वाधीनताको रक्षाका निम्ति जागरण पैदा गराइरहेको छ । स्थानीय तहदेखि सभामुख हुँदै प्रधानमन्त्रीसम्मलाई बुझाइएको ज्ञापन पत्र, विरोध कार्यक्रमहरूमा भएको सरकारी दमन र त्यसको प्रतिरोधमा भएका संघर्षहरूको घटनाक्रमहरूबाट पनि आम जनताहरूले वैदेशिक हस्तक्षेप र त्यस विरुद्धको संघर्षको आवश्यकताको विषयमा जानकारी पाइरहेका छन् ।

**आन्दोलनलाई सशक्त बनाउँदै दश दलीय मोर्चा**

दश दलीय मोर्चाले राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई सशक्त बनाउने तयारी गरिरहेको छ । १५ गते काठमाडौंमा वृहद् अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको यो मोर्चाले अब संसद भवन घेराउदेखि नेपाल बन्दसम्मको तयारी गरिरहेको छ । यो मोर्चाले केन्द्रदेखि जिल्ला जिल्लामा संयुक्त विरोध कार्यक्रमलाई निरन्तर रूपमा लिएर गइरहेको छ । विरोध कार्यक्रमहरूमा जनताको सहभागिता समेत क्रमशः बढ्दै गएको विश्लेषण दश दलीय मोर्चाका नेताहरूले गरेका छन् ।

**सत्तारुढ डबलनेकपाको अन्तरविरोध उत्कर्षमा**

भारतीय हस्तक्षेप र मूलतः एमसीसीको विषयलाई लिएर सत्तारुढ डबल नेकपाभित्र अन्तरविरोध उत्कर्षमा पुगेको छ । दुई अध्यक्ष केपी ओली र पुष्पकमल दाहालबीचको अन्तरविरोधले सो पार्टीलाई विभाजनतर्फ उन्मुख गराइरहेको देखिएको छ । प्रधानमन्त्री समेत रहेका केपी ओली जुनसुकै हालतमा संसदबाट एमसीसी पास गराउने तयारीमा जुटेका छन् भने दाहाल लगायत पार्टी सचिवालयका बहुमत सदस्य पार्टीको अध्ययन कार्यदलले निकालेको निष्कर्ष अनुसार संशोधनसहित एमसीसी पास गर्नुपर्ने पक्षमा देखिएका छन् । यसै विषयलाई आधार बनाएर चर्किएको अन्तरविरोधमा नेताहरूले आ-आफ्ना गुटगत स्वार्थ पूरा गराउन पनि एकले अर्कोलाई उपयोग गर्ने दाउपेचमा खेलिरहेका छन् ।

सचिवालयको पछिल्लो बैठकले पार्टीका उपाध्यक्ष समेत रहेका वामदेव गौतमलाई राष्ट्रिय सभाको सदस्य बनाई अर्थमन्त्री बनाउने विषयमा गरेको निर्णयको कार्यान्वयन गर्न ओली गुटले अस्वीकार गरेपछि बहुमत सचिवालयका सदस्यको गोप्य बैठकले प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्री र अध्यक्षको दुवै पदबाट हटाउनेसम्मको निर्णय गर्न पुग्यो । हाललाई सचिवालयको निर्णय कार्यान्वयन गर्दै ६ महिनासम्म ओलीका विश्वासपात्र अर्थमन्त्री युवराज खतिवडालाई ६ महिनासम्म मन्त्रीपदमा थमौती गर्ने सहमति भएको छ । तर यो हालका लागि भएको युद्धविरामको रूपमा मात्र हेरिएको छ । गुटै गुटको स्वार्थको जंजालमा फसेको, भ्रष्ट र अनैतिक रूपमा पतन हुँदै गएको डबल नेकपाभित्रको यो अन्तरविरोधको उत्कर्षको परिणामतः पार्टी विभाजन हुने विश्लेषण बाक्लिएको छ । अर्कोतिर साम्राज्यवादी अमेरिकाले दलहरूलाई फुटाएर वा जुटाएर जे गरेर भएपनि संसदबाट एमसीसी पास गराउन सबै अस्त्रहरूको प्रयोग गरिरहेको बुझिएको छ ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) नेपाल कम्प्याक्टको औपचारिक कार्यान्वयन १६ असार ०७७ देखि हुने भनिएको छ । तर कार्यान्वयन थालनीका लागि पूरा गर्नुपर्ने ६ पूर्वसर्तहरू छन् । तीमध्ये नेपाल-भारत सीमापार प्रसारण लाइन निर्माणका सम्बन्धमा भारतसँग गर्नुपर्ने सम्झौतासहित चार पूर्वसर्तहरू पूरा भइसकेको बताइएको छ । पूरा हुन बाँकी दुई पूर्वसर्तहरू मध्ये पहिलो- कम्प्याक्टको संसदीय अनुमोदन र दोस्रो- आयोजना क्षेत्रमा पहुँच हो । तर करिब ९ वर्षको तयारीपछि एमसीसी कार्यान्वयनको अन्तिम चरण रहेको जनाइएको छ ।

अमेरिकी कंग्रेसले सन् २००४ जनवरीमा पारित गरेको एमसीसी परियोजनालाई एशिया तथा दक्षिण एशियामा अमेरिकाको सैन्य गठबन्धनको रूपमा रहेको इन्डो-प्यासिफिक मिलिटरी रणनीति अन्तर्गत कार्यान्वयनमा लैजाने नीति लिएको छ । नेपालसहित २७ देशमा एमसीसीअन्तर्गतका परियोजना सञ्चालनमा रहेको जनाइएको छ ।

**एमसीसी कसरी चल्छ ?**

एमसीसीको सञ्चालक समितिमा अमेरिकी विदेशमन्त्री अध्यक्ष हुन्छन् । अमेरिकी अर्थमन्त्री, युएसएआईडीका प्रशासक, अमेरिकी व्यापार प्रतिनिधि, एमसीसीका प्रमुख कार्यकारी र निजी क्षेत्रबाट चारजना यसमा सदस्य रहन्छन् । हाल अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ यसका अध्यक्ष छन् । अमेरिकाले एमसीसीअन्तर्गत उपलब्ध गराउने वैदेशिक सहायता रकम सम्बन्धित मुलुकले खर्च गर्न नसकेमा एमसीसीमै फिर्ता हुने प्रावधान छ ।

तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित अमेरिकामा सन् २०१७ मा एमसीसीमा हस्ताक्षर गरेका हुन् । नेपाल तथा अमेरिकाका अर्थशास्त्रीहरू तथा अमेरिकी सहयोग नियोग (युएसएआईडी)को अध्ययनपछि सन् २०१४ को मे महिनामा तयार पारिएको १३० पृष्ठको प्रतिवेदनमा नेपालको विकासका चार मुख्य अवरोधहरू पहिचान गरिएको छ । पहिलो- नीति कार्यान्वयनको अनिश्चितता । दोस्रो- विद्युत् आपूर्तिको अपर्याप्तता । तेस्रो- यातायातको उच्च लागत । चौथो- चुनौतीपूर्ण औद्योगिक सम्बन्ध तथा श्रमसम्बन्धी कठोर कानुनहरू । यो प्रतिवेदनमा प्राप्त प्रमाणको आधारमा यातायात तथा श्रमभन्दा नीति कार्यान्वयनको अनिश्चितता र विद्युत् अपर्याप्ततालाई बढी गम्भीर विश्लेषण गरिएको छ । यही प्रतिवेदनको सुझावका आधारमा नेपालमा एमसीसीको कार्यक्रम कार्यान्वयनका लागि कार्यालय सञ्चालन गरिएको बताइएको छ ।

दुई वर्षको तयारीपछि सन् २०१७ सेप्टेम्बर १४ मा नेपाल र अमेरिकाबीच अमेरिकाको वासिंटन डिसीमा ५ सय मिलियन अमेरिकी डलरको सहमति भयो । यो सहमति (कम्प्याक्ट) मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका तत्कालीन कार्यवाहक सीईओ जोनाथनले हस्ताक्षर गरेका थिए । एमसीसी कम्प्याक्टमा हस्ताक्षर गर्ने नेपाल पहिलो दक्षिण एसियाली मुलुक हो ।

एमसीसीबाट प्राप्त ५० करोड अमेरिकी डलर सहयोग अनुदान र नेपाल सरकारबाट १३ करोड अमेरिकी डलर लगानीलाई एमसीसीले कार्यान्वयन गर्ने सहमति गरिएको छ ।

गत वैशाखमा नेपाल भ्रमणका क्रममा दक्षिण एसिया मामिलासम्बन्धी अमेरिकी विदेश उपमन्त्री डेभिड रान्चले एमसीसीअन्तर्गत नेपालले प्राप्त गरेको ५ सय मिलियन अमेरिकी डलर इन्डो प्यासिफिक स्ट्राटेजीकै अभिन्न अंग भएको बताएका थिए ।

**एमसीसी परियोजनामा नेपालका को को छन् ?**

एमसीसीमा नेपालका कार्यकारी निर्देशक सदस्य सचिव हुन्छन् । एमसीए बोर्डमा अर्थ मन्त्रालयका सचिव डा राजन खनाल अध्यक्ष छन् । सहसचिवहरू सागरराज गौतम र गोपालप्रसाद सिग्देल सदस्य छन् । यस्तै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ निजी क्षेत्रबाट नेसनल हाइड्रोपावर कम्पनीका कुमार पाण्डे र नागरिक समाजका तर्फबाट विगतमा प्रधानमन्त्री केपी शर्मा ओलीको परराष्ट्र विज्ञ रहेका गोपाल खनाल सदस्य छन् । गोरखापत्रका सल्लाहकार सम्पादकसमेत रहेका उनले हालै एमसीसीको विरोध गलत साबित हुने भन्दै लेख नै लेखेका छन् । एमसीए नेपालमा खड्गबहादुर विष्ट कार्यकारी निर्देशक छन् ।


नेपाल सरकार तथा अमेरिकी सरकारबीच २०७६ असोज १२ मा एमसीसी कार्यक्रम कार्यान्वयन सम्झौता (पीआईए) मा हस्ताक्षर भइसकेको छ । अर्थमन्त्री युवराज खतिवडाले नेपालका तर्फबाट हस्ताक्षर गरेका छन् ।

**श्रीलंकाले खारेज गऱ्यो एमसीसी**

श्रीलंकाले अमेरिकासँग गरेको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कम्प्याक्ट सम्झौता खारेज गरिदिएको छ । श्रीलंकाको मन्त्रिपरिषद्ले उक्त सम्झौता अघि नबढाउने निर्णय गरेको छ । यसअघि सरकारले एमसीसी सम्झौताको पुनरावलोकन गर्न ४ सदस्यीय समिति गठन गरेको थियो । सो समितिले बुझाएको अन्तरिम प्रतिवेदन प्रधानमन्त्री महिन्द्रा राजापाक्छेले मन्त्रिपरिषद्लाई हस्तान्तरण गरेपछि प्रतिवेदनले दिएको सुझावअनुसार एमसीसी अघि नबढाउने निधो मन्त्रिपरिषदले गरेको हो ।

मन्त्रिपरिषद बैठकको प्रेस ब्रिफिङमा बोल्दै सरकारका प्रवक्ता मन्दुला गुनवर्द्धनाले भने, 'यदि अमेरिकाले श्रीलंकाका जनताको हित अनुकूल हुने गरी एमसीसी सम्झौतालाई संशोधन गर्न सहमत जनाएमा हामी यसलाई अनुमोदनका लागि संसदमा पेश गर्न तयार छौं ।'


रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ४ अङ्क ३० वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# कम्युनिस्ट आन्दोलनमा संसोधनवादको प्रभाव र त्यसका विरुद्ध संघर्ष

*प्रथम महाधिवेशनको नेतृत्वबाट अगाडि बढाईएको दक्षिणपन्थी यात्रा दोस्रो र तेस्रो महाधिवेशनमा आउदा पराकाष्टमा नै पुगेको कुरा पुष्पलालले जुन चर्चा गरेका छन त्यही सहि छ । तर विचारणीय कुरा के छ भने पार्टीमा लामो समय सम्म संसोधनवादका विरूद्ध वैचारिक राजनैतिक हिसावले संघर्ष चल्न सकेन र तेस्रो महाधिवेशन पछि त्यो पुरै विर्सजनको दिशा समात्न पुग्यो*



● प्रेम सुवेदी ●

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो स्थपना काल सँगै दिल्ली सम्झौताको विरोध र किसान संघर्षमा जोड दिंदै आएको थियो । पार्टीको त्यो भूमिकालाई दमन गर्न तात्कालिन सरकारले विभिन्न मुद्दाका साथै पार्टी माथि प्रतिबन्ध लगाउन पुग्यो । प्रतिबन्धित अवस्थाका बावजुद पनि पार्टीको विस्तार, जनवर्गका संगठनको काममा सक्रियाता तथा किसान संघर्षलाई निरन्तरता दिन भएका ऐतिहासिक पहल जस्ता कुरा उल्लेखनीय छन् । पार्टीले मूख्यातः किसान आन्दोलनलाई उच्च महत्व दिएको पृष्ठभूमिमा पार्टी नेतृत्वमा रहेका केहि व्यक्तिहरूले त्यो संघर्षलाई मूख्य जोड दिनु सट्टा पार्टीलाई “वैद्यानिक” बनाउने विषयलाई जोड दिएर आए । जसको परिणाम संघर्ष क्रमशः कमजोर बन्ने स्थिति उत्पन्न भयो । २००८ र ०९ साल तिर रौतहट बारा र पर्साको किसान आन्दोलनले जुन गति समातेको थियो, त्यसले देशैभर आन्दोलनका रक्त संचार गरेको पाईन्छ । यसै क्रममा २०१० सालमा पार्टीको प्रथम महाधिवेशन भूमिगत अवस्थामा काठमाण्डौमा सम्पन्न भयो । उक्त महाधिवेशनले पार्टीको नयाँ जनवादी कार्यक्रमलाई परिमार्जन गर्नु र किसान संघर्ष बनाउन राजतन्त्रलाई नरम नीति लिनुले पार्टी दक्षिणपन्थी विचारमा फस्दै गएको देखाउछ । यस सन्दर्भलाई उल्लेख गर्दै नेकपा -एकीकृत) ले भनेको थियो “२०१० सालमा पार्टीको प्रथम महाधिवेशन भूमिगत अवस्थामा काठमाण्डौमा सम्पन्न भयो । तर, महाधिवेशनले राजतन्त्र प्रतिको धारणालाई अस्पष्ट बनाउने काम गऱ्यो किन भने पार्टीको घोषणा पत्रमा रहेको क्रान्तिकारी कार्यक्रमलाई परिवर्तन गऱ्यो । र, पार्टीको घोषणा पत्रमा बलपूर्वक राज्यसत्ता प्राप्त गर्ने र नेपाली जनताले सामान्य प्रकारको सुधार होईन पुरै सामन्तवाद र साम्रज्यवाद विरुद्ध संघर्ष गर्ने कुरालाई जोड दिएको थियो ।” -कम्युनिष्ट आन्दोलनको समिक्षा, नेकपा -एकीकृतको सातौं महाधिवेशनद्वारा पारित प्रस्ताववाट)

पार्टीले अगाडि सारेका क्रान्तिकारी विचारलाई सिधै अस्विकार नगरे पनि त्यसलाई संसोधन गर्दै नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई दिग्भ्रमित पार्ने काम प्रथम महाधिवेशनले गऱ्यो । पार्टीको महाधिवेशन पूर्व नै नेतृत्व प्राप्त गर्न सफल भएका मनमोहन अधिकारीले स्थापना कालका मूल्य मान्यता विचार र दृष्टिकोणलाई एक पछि अर्को गर्दै संसोधन गर्न पुगे । तर, त ीगलत विचारहरू प्रति समयमा नै दुई लाईन संघर्ष भएको देखिंदैन । यस क्रममा पार्टीलाई “वैधानिक” बनाउने कसरत नेतृत्वले गर्दै आयो र त्यसैको निरन्तरतामा संवैधानि राजतन्त्रलाई स्वीकार गर्ने शान्तिपूर्ण ढङ्गले समाजवाद र साम्यवादको प्रचार गर्ने निर्णयमा पार्टी नेतृत्व पुग्यो । उपरोक्त निर्णय पहिले पि. वि. ले गरेको र त्यसका विरुद्धमा पुष्पलालले नोटअफ डिसेन्ट लेखेको पाईन्छ । तर, पार्टीभित्र दक्षिणपन्थी विचारहरू प्रभावशालि बन्दै जाँदा त्यसका विरुद्ध व्यवस्थित दुईलाइन संघर्ष भएको कुरा त्यति देखिंदैनन् । जसको परिणाम पार्टी दक्षिण पन्थी संसोधनवादी दिशामा अगाडि बढ्दै गयो । त्यो नै पार्टी इतिहासको नकरात्मक पक्ष हो । पार्टीले जतिवेला संवैधानिक राजतन्त्रलाई स्वीकार गरेर “वैधानिकता” चंगुलमा फस्यो त्यहीबाट नै दक्षिणपन्थी दिशा समातेको कुरा छर्लङ्ग हुन्छ । त्यो दक्षिणपन्थी कार्यदिशाबाट निश्चय नै क्रान्तिकारी आन्दोलनको विकास संभव थिएन र भएन पनि । यस सन्दर्भलाई उल्लेख गर्दै पुष्पलालले भनेका छन “हाम्रो पार्टीको नेतृत्वले यस प्रथम घोषणा पत्रमा संसोधनको आवश्यकता देख्न थाल्यो । पार्टीले आफ्नो व्यवहारको दौरानमा प्राप्त गरेको अनुभवको आधारमा त्यसको सम्बृद्धि गर्नु एक कुरा हो । तर त्यसको मूल उदेश्यमा संसोधन गर्नु अर्को कुरा हो । पार्टीको प्रथम महाधिवेशनले आफ्नो अनुभवको आधारमा सम्वृद्धि गर्नुको *बाँकी ७ पेजमा*

## राष्ट्रिय...

हल नभएसम्म राष्ट्रिय समस्या हल नहुने भन्दै राष्ट्रिय समस्या हल गर्न किसानका समस्या हल गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

मधेशी मिडिया हाउस अनामनगरमा आयोजित अन्तरसम्वाद कार्यक्रममा किसानका समस्या हल नभई राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्या हल हुन नसक्ने र देशले विकासको सहीबाटो लिन नसक्ने विज्ञहरूको निष्कर्ष रहेको छ । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान महासंघ(अप्फा), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघ तथा फ्याक्ट नेपालको सयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा कृषि बिशेषज्ञ, अनुसन्धाता र किसान संगठनका नेताहरूले यस्तो निष्कर्ष निकालेका हुन् ।

कार्यक्रममा वन विश्व विद्यालयका पूर्व उपकुलपति तथा कृषि विज्ञ डा. कैलाशनाथ प्याकुरेल, देशका एक प्रमुख वैज्ञानिक धानवाली विज्ञ भोलामानसिह बस्नेत, कार्यक्रममा पाँच संगठनको तर्फबाट कार्यपत्र प्रस्तुत गर्दै अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङ्गले किसान, कृषि र भूमि नीतिमा आमूल परिवर्तन ल्याउन किसान अन्दोलनमा उत्रिनुको कुनै विकल्प नरहेको कुरामा जोड दिएका थिए ।

कार्यक्रमको सभापतित्व अखिल नेपाल किसान महासंघ(अप्फा)का अध्यक्ष भैरब रेग्मीले गरेका थिए भने सञ्चालन अखिल नेपाल किसान यूनियनका अध्यक्ष लोकनारायण सुवेदीले गरेका थिए ।

कार्यक्रममा अखिल नेपाल किसान यूनियनका सल्लाहाकार रामबहादुर भण्डारी, अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष सुरथ चौंलागाई, फ्याक्ट नेपालका सचिव रत्न प्रसाद जोशी, सत्ताधारी अखिल नेपाल किसान संघका महासंघका अध्यक्ष हरि पराजुली, बन बिज्ञ कृष्ण पोखरेल, कृषि बिज्ञ गोपाल पोखरेल, कृषि ब्यवसायी एकलाल श्रेष्ठ, किसान नेताहरू तुलसीराम सापकोटा, धनेश्वर पोखरेल, शिबहरी खनाल, सुरेन्द्र कटुवाललगायतले आ-आफ्ना भनाइ राखेका थिए ।


## यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

चाडपर्व हाम्रो सांस्कृतिक धरोहरहरू हुन्, यिनीहरूको संरक्षण गरौं । चाडपर्वको नाममा फजुल खर्च नगरी उत्पादनमूलक कार्यमा लगानी गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


### वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**सम्पर्क नाम र फोन नम्बर**
प्रबन्ध निर्देशक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com

कर्णाली प्रदेश संवाददाता- दिनेश बुढा (९८६८००५८२४)








गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल



सूचना



१. स्वास्थ्य र पौस्टिक खान खाऔं, नियमित स्वास्थ्य जाच गरौ
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरू जागरुक हऔ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔं उपभोक्ताको जीवनसंग खेलवाड नगरौं
६. बोट बिरुवा रोपौं गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हरामरा बनाऔं ।

भिम बहादुर शाही
प्रशासन, योजना तथा अनुगमन शाखा
गोकर्णेश्वर नगरपालिका


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।